मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ • अंक २१९ • २०८१ साल असार १४ गते शुक्रबार • Friday 28, June 2024 • सूर्योदयः बिहान ५:१४ बजे • सूर्यास्तः साँझ ७:०३ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## अस्तव्यस्त नारायणी अस्पताल विभिन्न सेवा अवरुद्ध




**मधेशदृष्टि**
**वीरगंज ।**
स्वास्थ्य मन्त्रीको आफ्नै गृह जिल्लामा रहेको मधेशकै सबै भन्दा ठूलो सरकारी अस्पतालको रुपमा रहेको नारायणी अस्पताल अस्तव्यस्त भएको छ । नारायणी अस्पतालमा सञ्चालनमा आएको ६ महिना बित्न नपाउँदै ३० करोड रुपैयाँमा खरिद गरिएको एमआरआई सेवा करिब २ महिनादेखि बन्द भएको छ भने अस्पतालका अन्य सेवाहरु समेत अवरुद्ध बनेका छन् । त्यसैगरी ८ सैयाको मुटु सघन उपचार कक्ष दुई हप्ता देखि बन्दरहेको छ भने मेडिसिन विभागमा विगतमा ४० बेड संख्या रहेकोमा अहिले ३२ बेड संख्यामा संचालन भईरहेको छ । त्यसैगरी अस्पतालको एन.आई.सि.यु. कक्ष विगतमा १४ सैयाको रहेकोमा अस्पताल व्यवस्थापनको लापरवाहीको कारण अहिले ८ सैयामा सिमित भएको छ । त्यसैगरी पि.आई.सि.यु. सेवा विगतमा ८ सैयाको रहेको अहिले ४ सैयामा सिमित भएको छ भने नारायणी अस्पतलको आकस्मिक सेवा समेत प्रभावित भएको अस्पतालका डा. उदय नारायण सिंहले बताए ।

देशभरिकै अस्पतालमध्ये सबैभन्दा खराब पूर्वाधार नारायणी अस्पतालमै रहेको छ । नारायणी अस्पताल भन्दा बाराजिल्लाको कलैया र रौतहट गौर अस्पतालको पूर्वाधार अहिले राम्रो छ । नारायणी पुरानो अस्पताल नाम मात्रको रहेको तर, केही काम हुन नसकेको बिरामीहरुको गुनासो छ । भवन अभावको कारण अस्पतालमा बिरामीको उपचारमै समस्या भइरहेको चिकित्सकहरुको भनाई छ । त्रिभुवन राजपथको पश्चिमतर्फको अस्पतालको मूल भवन महेन्द्र आरोग्य भवन अब जीर्ण भएर आंशिक प्रयोगमा मात्र छ । अस्पतालमा हाल पनि दैनिक बहिरङ्ग र अन्तरङ्ग सेवातर्फ गरी दैनिक १ हजार बढी बिरामी उपचारका लागि आउने गरेको छन् । तर, अस्पतालको विभिन्न सेवा अवरुद्ध हुँदा बिरामीहरु अन्यत्र गएर सेवा लिन बाध्य छन् ।

# मधेश पर्यटकीय सम्भावनाको उर्बरभूमिः मुख्यमन्त्री




**मधेशदृष्टि**
**महोत्तरी ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले मधेश पर्यटकीय सम्भावनाको उर्बरभूमि रहेको बताएका छन् । बिहीबार होटल तथा पर्यटन व्यवसायी महासङ्घ मधेश प्रदेशले मिथिला नगरपालिकाको लालगढमा आयोजना गरेको एक कार्यक्रममा बोल्दै उनले मधेश चुरे पर्वत श्रेणीबाट भारतीय सीमासम्म फैलिएको भौगोलिक विविधतायुक्त प्रदेश रहेको बताएका हुन् । 'हामीले पर्यटन प्रवद्र्धन गर्न प्रदेशका आठ जिल्लालाई चार समूहमा राखेर काम गर्ने निर्णय गरेका छौँ', मुख्यमन्त्री सिंहले भने, 'सम्भावित नयाँ ठाउँको पहिचान र यसअघि नै विशिष्ट महत्व बोकेका स्थलको संरक्षण र प्रवद्र्धन गरिनेछन् ।'

मुख्यमन्त्री सिंहले मधेशका वन, भूगोल, धार्मिकस्थल, कृषि र स्वास्थ्य पर्यटनका मुख्य क्षेत्र बन्नसक्ने उल्लेख गरे । चुरे शृङ्खलाका चनौटे, बेसारेसहितका उच्च डाँडालगायतका स्थान पर्यटकीय सम्भावना बोकेको ठाउँ भएको उनको भनाइ छ । उनले मधेशमा पर्यटकीय स्थालको पहिचान गर्नुपर्नेमा जोड दिँदै भएका ऐतिहासिक धरोहरलाई पर्यटकको आकर्षणको केन्द्र बनाउन प्रदेश सरकार प्रतिवद्ध रहेको बताए ।

जनकपुरधाम, राजविराज र सिमरासहित तीन विमानस्थललाई मुलुकका विभिन्न ठाउँसँग हवाई मार्गमा जोडेर व्यापार, व्यवसाय र पर्यटन प्रवद्र्धन गर्न सकिने उनको भनाइ छ । 'पर्वतीय क्षेत्र अवलोकन गर्न चाहने पर्यटकलाई हाम्रा विमानस्थलबाट १० मिनटमै अवलोकन गराउन सक्छौँ', मुख्यमन्त्रीले भने, 'हामीले यसका लागि आवश्यक पूर्वाधार विकास गर्नुपर्छ ।' नेपाल आउने भारतीय पर्यटकलाई मधेशमा केही होल्ड गर्न सके, यसले पर्यटकीय क्षेत्रको विकास र मधेशको समृद्धिमा धेरै नै सहयोग पुग्ने बताए । विकासका सन्दर्भमा जनतामा पलाएको आशा मर्न नदिने उनले प्रतिबद्धता जनाए ।

कार्यक्रममा आयोजकका तर्फबाट मुख्यमन्त्री सिंहलाई नेपाल होटल तथा पर्यटन व्यवसायी महासङ्घ मधेश प्रदेशका अध्यक्ष हीरालाल गौतमले अभिनन्दनपत्र प्रदान गरे । कार्यक्रममा मधेश प्रदेश सरकारका शिक्षा तथा संस्कृति राज्यमन्त्री शारदा थापा, मिथिला नगरपालिकाका उपप्रमुख सुनितासिंह बुढाथोकी र महासङ्घका संरक्षक सल्लाहकार विजय झुनझुनवालागायतको उपस्थिति रहेको थियो ।

## नेपाल–भारतबीचको प्रगाढ सम्बन्ध कायमै राख्नुपर्नेमा जोड

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तले नेपाल–भारतबीचको प्राचीन सम्बन्धलाई कायमै राख्नुपर्नेमा जोड दिएका छन् । कास्कीको पोखरामा रामघाटस्थित अमरसिंह माविको बिहीबार अवलोकन गर्दै राजदूत श्रीवास्तवले विद्यालय भवन निर्माणका लागि दूतावासले २० करोड रुपैयाँ सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । भारतको रक्षाका लागि गोर्खा सैनिकहरुको योगदान रहेको स्मरण गर्दै उनले नेपालमा भारतीय भूपु नेपाली सेनामार्फत विभिन्न खानेपानी, शिक्षा, स्वास्थ्य र सडकलगायत क्षेत्रमा सहयोग उपलब्ध गराउँदै आएको र आगामी दिनमा पनि सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता जनाए । नेपाल र भारतबीचको मैत्री



सम्बन्धलाई बलियो बनाउन आफू प्रतिबद्ध भएको बताउँदै नेपालमा प्रवेश गर्ने सडकको स्तरोन्नति गर्दै पर्यटकलाई सहजरुपमा यातायातको व्यवस्था मिलाउन आफूले भूमिका खेल्ने पनि उल्लेख गरे । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णप्रसाद कोइरालाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विद्यालयका प्रधानाध्यापक शेरबहादुर थापा तथा वडा नं १२ का वडाध्यक्ष सन्तोष बास्तोलाले आफ्ना भनाइ राखेका थिए ।

नेपालकै नमुना माविकारुपमा परिचित अम्मरसिंह माविमा दुई हजार नौ सय विद्यार्थी अध्ययनरत छन् भने एक सय ३७ शिक्षक कर्मचारी छन् । दुई सयभन्दा बढी रोपनीमा फैलिएको उक्त विद्यालय पोखराकै पुरानो विद्यालयकारुपमा चिनिन्छ । नेपाल–भारत मैत्री सङ्घअन्तर्गत मेजर वीरसिंह गुरुङको पहलमा दूतावासले ५५ वर्षअघि विद्यालयका भवन निर्माण गर्नुका साथै केही वर्षअघि पुस्तकालयको भवन र पुस्तक हस्तान्तरण गरेको थियो ।

## करिब २४ अर्ब बढीको उत्पादन निर्यात




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज आईसिपी भन्सार नाका हुँदै चालु आर्थिक बर्ष २०८०÷०८१ को ११ महिनामा भारत तथा तेश्रो मुलुक तर्फ २३ अर्ब ९३ करोड, ८५ लाख ९१ हजार मुल्य बराबरको नेपाली उत्पादन निकासी भएको छ । वीरगंज नाका हुँदै भारत, डेनमार्क, अष्ट्रेलिया, अमेरिका, चीन, रुस, फिलिपिन्स, थाईल्याण्ड लगायतका मुलुकहरुमा तेल, जुस, कपडा लगायतका नेपाली उत्पादन तथा जडीबुटि निकासी भएको वीरगंज आईसिपी भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले जानकारी दिए ।

आईसिपी भन्सार नाका हुँदै ११ महिनाको अवधिमा ७ अर्ब ५८ करोड ६३ लाख ८७ हजार मुल्य बराबरको फलफुलको जुस भारत निर्यात भएको छ भने सो अवधिमा ६५ करोड ९१ लाख ७२ हजार मुल्य बराबरको पाम आयल निर्यात भएको छ । त्यसैगरी सो अवधिमा ६ अर्ब १८ करोड ७१ लाख ३४ हजार मुल्य बराबरको फलामे पाता भारत निर्यात भएको छ भने १ अर्ब १२ करोड ७२ लाख ८५ हजार मुल्य बराबरको जमोठ कपडा निर्यात भएको वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक पन्थीले बताए । त्यसैगरी ११ महिनाको अवधिमा १ अर्ब ५७ करोड ६७ लाख ७४ हजार मुल्य बराबरको पिना निर्यात भएको छ भने बत्तिसा, त्रिफला, च्वबनप्रास लगायतका डावर नेपालका उत्पादनहरु ७९ करोड ८६ लाख १५ हजार मुल्य बराबरको भारत निर्यात भएको छ ।

यसैगरी चालु आर्थिक बर्षको ११ महिनामा प्रशोधित भटमासको तेल ८ करोड ८२ लाख ७२ हजार मुल्य बराबरको भारत निर्यात भएको छ । वीरगंज भन्सार नाकाबाट ८४ करोड २२ लाख ६३ हजार मुल्य बराबरको सेन्थेटिक यार्न, ६२ करोड ७ लाख ३५ हजार मुल्य बराबरको आयुर्वेदिक तथा होमियापेथिक औषधीको कच्चा पदार्थ भारत तथा तेश्रो मुलुक निर्यात भएको वीरगंज भन्सार कार्यालयको तथ्यांकमा देखिएको छ । त्यसैगरी वीरगंज नाकाबाट ११ महिनामा ५९ करोड ४ लाख ४२ हजार मुल्य बराबरको स्पोर्ट सुज, ७० करोड, ८६ लाख ८३ हजार बराबरको नेपाली कपडा, २३ करोड ५९ लाख ४२ हजार मुल्य बराबरको उनी गलैचा भारत निर्यात भएको वीरगंज भन्सार कार्यालयको तथ्यांकमा उल्लेख छ । वीरगंज नाकाबाट ७४ करोड ५७ लाख ४४ हजार मुल्य बराबरको सि.आर.सिट, ६२ करोड ९९ लाख १२ हजारको कुकुर तथा बिरालोको खाना, ४३ करोड ५१ लाख ४ हजार मुल्य बराबरको तयारी कपडा, ६८ करोड ८७ लाख मुल्य बराबरको दन्तमन्जन, ९ करोड ९४ लाख १० हजार मुल्य बराबरको सुर्यमुखि प्रशोधित तेल, ३० करोड ६५ लाख २३ हजार मुल्यको प्लाष्टिकका बिर्को ढकनीहरु र १ करोड ५४ लाख ७७ हजार मुल्य बराबरको चोकर र भुस भारत निर्यात भएको आईसिपी भन्सार कार्यालय वीरगंजका प्रवक्ता एवम् प्रमुख भन्सार अधिकृत राजेन्द्र ढुंगानाले जानकारी दिए ।

## जनता आवास कार्यक्रमः मन्त्रीको पहलमा पीडितसँग सहमति



**सञ्जय मिश्रा**
**रौतहट ।**
जनता आवास कार्यक्रम अन्तर्गत निर्माण भएका घरको भुक्तानीको माग गर्दै पूर्वाधार कार्यालय गौरमा धर्ना बसेका आन्दोलनकारी पीडितसँग सहमती भएको छ । मौलापुर नगरपालिकाको विभिन्न टोलमा निर्माण भएको आवासहरुको भुक्तानी गर्न कर्मचारीहरु जालझेल गर्दै आएपछि प्रभु साह नेतृत्वको आम जनता पार्टी निकट आम दलित मोर्चाको अगुवाईमा सरोकारवालाले पूर्वाधार कार्यालय गौरमा चारदिन अघि तालाबन्दी गरेर धर्नामा बसेका थिए । मोर्चाको अगुवाईमा धर्नामा बसेका पीडितहरु र मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री सरोज यादवको पहलमा सहमति भएको हो । सहमति अनुसार पूर्वाधार कार्यालय गौरबाट अनुगमन निरीक्षण गरी प्रतिवेदन तयार पारेर आर्थिक वर्ष २०८१/०८२ को बजेटबाट भुक्तानी गर्ने, मौलापुर नगरपालिका अन्तर्गत पर्ने भकुवा पुलको अधुरो कार्यलाई जिल्ला समन्वय समिति रौतहट मार्फत यथाशीघ्र कागजातहरु पेश गराई पुल निर्माणको काम पुरा गर्नुपर्ने सहमति भएको मोर्चाका अध्यक्ष ठागा दासले बताए । रौतहटको कटहरिया ८ बगही, मौलापुर नगरपालिका अन्तर्गत पतौरा, मर्यादपुर, पथरा, बुधरामपुर लगायतका गाउँमा जनता अवास कार्यक्रम अन्तरगत निर्माण भईसकेको घरको भुक्तानी गर्न बाँकी रहेको छ । उल्लेखित मागहरु सम्बोधन भएपछि गठित संघर्ष समितिले आफना सबै आन्दोलन बिहीबार देखिनै फिर्ता लिएको छ । बैठकमा मन्त्री यादवका साथै एमाले केन्द्रीय सदस्य अजय कुमार गुप्ता, सिडियो हिरालाल रेग्मी, नेपाल प्रहरीका एसपी दिलीप घिमिरे, सशस्त्रका एसपी बिक्रम हुमागाईं, राष्ट्रिय अनुसन्धानका एसपी अभिनय कुमार सिंह, भौतिक पूर्वाधार कार्यालय गौरका प्रमुख, मौलापुरका प्रमुख प्रशासकीय अधिकृत रामबाबु साह, आम विधार्थी मोर्चाका अध्यक्ष बिवेक साह, संघर्ष समितिका अध्यक्ष ठागा दासलगायतको सहभागिता रहेको थियो ।



**वयल गाडा :** सर्लाहीको हरिपुर्वा नगरपालिकामा वयल गाडा लिएर गन्तव्यतर्फ जाँदै सर्वसाधारण नागरिक । ग्रामीण बस्तीमा कुनै बेला कृषि उपज ओसारपसारमा र आवतजावतमा महत्वपूर्ण मानिने टायर गाडाको प्रचलन अहिले सवारी साधनका कारण हराउँदै गएको छ । तस्बिरः विश्वनाथ ठाकुर/रासस

# साहित्यिक पत्रकारिता सूचना प्रविधिमैत्री हुनुपर्छः मन्त्री

**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले साहित्यिक पत्रकारितालाई सूचना प्रविधिसँग जोड्न आवश्यक रहेको बताएकी छन् । उनले यसका लागि मन्त्रालय सहकार्य गर्न सधैँ सकारात्मक रहेको बताइन् । नेपाल साहित्यिक पत्रकार सङ्घको १८औँ स्थापना दिवसको कार्यक्रममा मन्त्री शर्माले पत्रकारिताको इतिहासको सुरुआत नै साहित्यिक पत्रकारिताबाट सुरु भएको स्मरण गरिन् । भारतको बनारसदेखि नेपाली साहित्यिक पत्रकारिता उदाएको उल्लेख गर्दै उनले साहित्यिक पत्रकारिताले नेपालमा पत्रकारिताको विकास गर्न सहयोग पुगेको बताइन् । ‘पत्रिकारिताको पुरानो धरालत साहित्यिक पत्रकारिता हो’, मन्त्री शर्माले भनिन्, ‘अब समयसापेक्ष सूचनामैत्री साहित्यिक पत्रिकारिता बनाउनुपर्छ ।’ उनले सङ्घलाई यस वर्षदेखि दुई लाख रुपैयाँ सहयोग गरेको उल्लेख गर्दै साहित्यिक पत्रकारिताले समाज रुपान्तरण गर्न मद्दत पुग्ने किसिमका पाठ्यसामग्री उत्पादन गर्न जरुरी रहेको बताइन् ।

कार्यक्रममा साहित्यिक पत्रकारहरु क्रमशः प्रा डा कृष्णप्रसाद घिमिरे, घनश्याम कँडेल, डा तुलसी भट्टराई, निनु चापागाईं, नरेन्द्रबहादुर श्रेष्ठ, डा अमर गिरी, ईश्वरचन्द्र ज्ञवाली, कृष्ण प्रसाईं, नरनाथ लुइँटेल, हरिगोविन्द लुइँटेल, डा विष्णुविभु घिमिरे, लोकबहादुर थापामगर, नारायणप्रसाद शर्मा र सावित्री श्रेष्ठसम्मानित भएका छन् । सङ्घका अध्यक्ष मोहन दुवालले साहित्यिक पत्रकारिता जोगाउन राज्यको सहयोग महत्त्वपूर्ण हुने बताए । उनले सङ्घलाई आर्थिक सहयोग वृद्धि गर्नुभएकामा मन्त्री शर्माप्रति आभार व्यक्त गरे । रासस

# एक लाख मूल्य बराबरको रजनीगंधा बरामद



**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी पर्साले करिब एक लाख रुपैयाँ मूल्य बराबरको भन्सार छलीको रजनीगंधा बरामद गरेको छ ।
सशस्त्र प्रहरी सीमा सुरक्षा गुल्म वीरगंज र वीरगंज भन्सार कार्यालयबाट संयुक्त रुपमा खटिएको टोलीले उक्त परिणामको रजनीगंधा बरामद गरेको हो । बिशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले वीरगंज महानगरपालिकाको वडा नम्बर ६ गहवा स्थित निखिल किराना स्टोरको गोदाममा अवैध रुपमा राखिएको अनुमानित एक लाख चार हजार रुपैयाँ मूल्य बराबरको रजनिगंधा बारामद गरेको सशस्त्र प्रहरीका प्रवक्ता देवेन्द्र सिंहले जानकारी दिए । उनले बरामद गरिएको रजनिगंधा थप अनुसन्धानको लागि वीरगंज भन्सार कार्यालयमा पठाईएको प्रहरीले जनाएको छ ।

# ‘पुस्तकालयसम्बन्धी ऐन, कानुन बनाउन सरकारले सहयोग गर्नें’

**काठमाडौँ ।**
कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरिले पुस्तकालयसम्बन्धी ऐन, कानुन निर्माणका लागि सरकारले सहयोग गर्ने बताएका छन् । ‘पुस्तौँ पुस्ताका लागि पुस्तकालय’ भन्ने मूल नाराका साथ आजदेखि सुरु भएको सार्वजनिक तथा सामुदायिक पुस्तकालयको प्रथम बागमती प्रदेश सम्मेलनको उद्घाटन गर्दै उनले पुस्तकालय व्यवस्थापनका क्षेत्रमा आवश्यक ऐन, कानुन निर्माणका लागि सरकारले सहयोग गर्ने बताएका हुन् । ‘देशभरका पुस्तकालयलाई एकैलयमा सञ्चालन गर्न आवश्यक पर्ने ऐन, कानुनको ड्राफ्ट शिक्षा मन्त्रालयले निर्माण गर्छ, त्यसलाई अन्तिम रुप दिन कानून मन्त्रालयले सहयोग गर्छ’ मन्त्री गिरिले भने ।
पुस्तकालयलाई समयसापेक्ष रुपमा प्रविधिमैत्री बनाएर अगाडि लैजानुपर्ने उनको धारणा थियो । पछिल्लो समय पुस्तकालय गएर पढ्ने संस्कृति हराउँदै गएकोमा उनले चिन्ता व्यक्त गरे । सामाजिक सञ्जालमा लेखेको भरमा धारणा र दृष्टिकोण बनाउने परिपाटी हुनु दुःखद भएको उनको भनाइ थियो ।
नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा गोविन्दराज पोखरेलले पुस्तकालय किताब राख्ने र पढ्ने थलो मात्र नभएर सभ्यतासमेत भएको उल्लेख गरे ।
‘पुस्तकालय पढ्ने संस्कृतिको विकास हो, यसले संस्कृति र सम्पदाको संरक्षणसमेत गरेको छ’ उनले भने । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव यादवचन्द्र निरौलाले नेपालको पुस्तकालयको इतिहास दुई सय १३ वर्ष पुरानो भए पनि पुस्तकालयको जुन हिसाबले विकास हुनुपर्ने त्यो नभएको बताए । नेपाल सामुदायिक पुस्तकालय सङ्घका अध्यक्ष सन्तोष रावल, संस्थापक अध्यक्ष बासु ढुङ्गानालगायतले देशभरका पुस्तकालयलाई व्यवस्थित रुपमा सञ्चालन गर्न पुस्तकालयसम्बन्धी ऐन, कानुनको आवश्यकता रहेकोमा जोड दिए । गीवार्ण विक्रम शाहको पालादेखि नेपालमा पुस्तकालयको सुरुवात भएको मानिन्छ । राज्यले एक स्थानीय तह, एक पुस्तकालय अभियान घोषणा गरेपनि उक्त अभियान कार्यान्वयन हुन नसकेको नेपाल सामुदायिक पुस्तकालय सङ्घका महासचिव राजेन्द्रप्रसाद पाण्डेयको भनाइ छ । उनले केही पुस्तकालयका कारण सदियौँदेखि सञ्चालन हुँदै आएका पुस्तकालय ओझेलमा पर्दै गएको बताए । रासस

# सार्वजनिक निकायबाट सूचना लिन गाह्रोः प्रमुख आयुक्त

काठमाडौँ ।
राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त महेन्द्रमान गुरुङले सार्वजनिक निकायबाट सूचना पाउन नै गाह्रो हुने गरेको धारणा व्यक्त गरेका छन् । सूचनाको हकका लागि राष्ट्रिय महासङ्घले बिहीबार यहाँ आयोजना गरेको ‘प्रमाणमा आधारित पत्रकारिताका लागि सूचनाको हक’ विषयक अन्तरक्रियाका क्रममा उनले सार्वजनिक निकायले सूचना नदिएपछि मागकर्ता आयोगमा पुनरावेदन लिएर आउने गरेको र आयोगको आदेशपछि सूचना पाउने अवस्था रहेको बताए । बालमन्दिर, जुद्धोदय विद्यालयलगायत निकायमा पत्रकारले सूचनाको हक प्रयोग गरी सूचना सार्वजनिक गरेको उल्लेख गरे । ‘मागकर्तालाई सूचना दिलाउन संवैधानिक निकायसँगै पनि हामी लड्नुपरेको छ, लोक सेवा आयोगले सूचना नदिएपछि माग अनुसारको सूचना दिन आदेश भएको छ, शिक्षक सेवा आयोगले पनि मागकर्ताले मागेको सूचना दिएको छैन, विराटनगरकी एक छात्राको उत्तरपुस्तिका साटफेर गरिएको घटना सूचना माग गरेर पाएको सूचनाकै आधारमा सार्वजनिक भएको थियो’ प्रमुख आयुक्त गुरुङले भने ।
सूचना माग गरेकै कारण गोकर्णेश्वरका छ जना नागरिक पक्राउ परेको घटनामा पनि आयोगको ध्यानाकर्षण भएको उनले बताए । त्यस विषयमा जिल्ला प्रशासन कार्यालय काठमाडौँलाई पत्र लेखी वास्तविकता माग गरिएको उल्लेख गर्नुहुँदै प्रमुख आयुक्त गुरुङले यससम्बन्धी निर्णय गर्न शुक्रबार आयोगको बैठक बस्ने जानकारी दिए । हाल छलफलमा रहेको शिक्षा विधेयकमा गोप्य राख्ने विषय समावेश नगर्न आयोगले पत्राचार गरेको उल्लेख गर्दै उनले यसमा नागरिक संस्थाले पनि खबरदारी गर्नुपर्नेमा जोड दिए ।

**युवा अभियानकर्मीलाई झुटा मुद्दा लगाएकामा दाहालको आपत्ति**

नेपाल पत्रकार महासङ्घका पूर्वसभापति एवं सूचनाको हकका अभियानकर्मी तारानाथ दाहालले गोकर्णेश्वरका युवा अभियानकर्मीलाई सूचना मागेर भ्रष्टाचार एवं अनियमितताको विरोध गरेकै कारण झुटा मुद्दा लगाएर फसाउन खोजेकामा असन्तुष्टि व्यक्त गरे । ‘गोकर्णेश्वरबाट पक्राउ परेका अभियानकर्मीका विषयमा सुरुमा प्रहरीले ठीकै गरेको होला भन्ने लागेको थियो, पछि मैले तीन दिन लगाएर खोजबिन गर्दा झुटा मुद्दा लगाएको पाइयो’ उनले दाबी गरे ।
अभियानकर्मी दाहालले पत्रकारितामा सूचनाको हक बढी प्रयोग गर्नुपर्नेमा जोड दिए । सूचनाको हक प्रयोग गरेर प्राप्त भएका सूचनाका आधारमा लेखिएका समाचार प्रभावकारी देखिएको उल्लेख गर्नुहुँदै उनले मेलम्ची खानेपानी आयोजनामा आफूले मागेको सूचनाका आधारमा टक्सार म्यागेजिनले लेखेको समाचारले सबैको ध्यान तानेको बताए । आन्तरिक राजस्व विभागसँग कर छलीका विषयमा अध्ययन भएको प्रतिवेदन सूचनाको हक प्रयोग गरेर माग गरी सार्वजनिक गरेपछि अहिले १० अर्ब ७७ करोड रुपैयाँ राजस्व उठेको दाहालको भनाइ थियो ।
प्रहरीको अनुसन्धान प्रमाणमा आधारित
नेपाल प्रहरीका सह प्रवक्ता विश्व अधिकारीले प्रहरीको अनुसन्धान प्रमाणमा आधारित हुने गरेको उल्लेख गर्दै प्रहरी वृत्त बौद्धले पक्राउ गरेका गोकर्णेश्वरका अभियानकर्मीका विषयमा पनि सूचना माग गर्न सकिने बताए । जाहेरी परेपछि पक्राउ परेका अभियानकर्मीका विषयमा अहिले अनुसन्धान भइरहेको जानकारी आफूले पाएको कार्यक्रममा उनले सुनाए । महासङ्घका अध्यक्ष उमीद बागचन्दले गोकर्णेश्वरको घटनामा सार्वजनिक भएको श्रव्यदृश्य सामग्रीका आधारमा घटना सुनियोजित भएको जिकिर गरे । गोकर्णेश्वरको घटनाका विषयमा राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण गराउन जाँदा आयोगका अध्यक्षले यो घटनामा अभियानकर्मीलाई पक्राउ गर्नुपर्ने कारण नदेखेको उल्लेख गरेको उनले सुनाए । दुई दिनभित्र अभियानकर्मीलाई नछाडे महासङ्घ कडा आन्दोलनमा उत्रन बाध्य हुने अध्यक्ष बागचन्दको चेतावनी थियो । सूचनाको हक प्रयोग गरेर खोजी समाचार सार्वजनिक गरी भ्रष्टाचार, अनियमितताजस्ता घटना बाहिर ल्याउने सीप पत्रकारमा बढाउन पनि महासङ्घले काम गर्ने उनको भनाइ थियो ।
गैरसरकारी संस्था महासङ्घका अध्यक्ष रामप्रसाद सुवेदीले संविधानमा मौलिक हकका रुपमा रहेको सूचनाको हक कार्यान्वयनका लागि सरोकार भएका निकायले समन्वयात्मक रुपमा काम गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा महासङ्घका सचिव पूर्णप्रसाद मिश्र, गोकर्णेश्वरमा सूचनाको हक प्रयोग गर्दा पक्राउ परेका व्यक्तिका परिवारका सदस्यहरु रिखीराम खत्री, उमा आचार्य, उमेश कार्की, सविना सुनार बराइली, शकुन्तला क्षेत्रीलगायतले सूचनाको हक निर्वाध रुपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । रासस

# प्रजिअ भुसाललाई ज्ञापनपत्र

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साका ७ राजनीतिक दलहरुले वीरगंज महानगरको रामवन बस्ती खाली गर्ने सूचनाको विरोधमा प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझएका छन् ।
जिल्ला वन कार्यालयले बस्ती खाली गर्न जारी गरेको १५ दिने सूचनालाई मध्यनजर गर्दै पर्साका ७ राजनीतिक दलहरुले सिडिओ दिनेश सागर भुसाललाई ज्ञापनपत्र बुझाएका हुन् ।
रामवनको बस्तीमा स्कुल, सरकारी भवन, नीजि भवन रहेको ज्ञापन पत्रमा उल्लेख गरिएको छ ।
ज्ञापनपत्र बुझदै पर्साका प्रमुख जिल्ला अधिकारी भुसालले बस्ती जोगाएर निर्माणका कार्य अगाडि बढाउन पहल गर्ने आश्वासन दिएका छन् । ज्ञापनपत्र बुझाउन जाने दलहरुमा जिल्लाका नेपाली कांग्रेस, रास्वपा, एमाले, राप्रपा, जसपा नेपाल, नागरिक उन्मुक्ति र लोसपा रहेका छन् ।

# विद्यार्थीलाई स्कूल ब्याग वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको बहुदरमाई नगरपालिकाको एक विद्यालयमा विद्यार्थीलाई स्कूल ब्याग वितरण गरेको छ ।
बहुदरमाई नगरपालिका वडा नम्बर २ बैरियाविर्ताको सिसियाडी टोलमा रहेको सरस्वती प्राथमिक विद्यालयमा अध्ययनरत बालबालिकालाई स्कूल ब्याग वितरण गरिएको हो ।
उक्त विद्यालयमा अध्ययनरत गरिब, जेहेन्दार र दलित गरी १ सय जना बालबालिकालाई स्कूल ब्याग वितरण गरिएको हो । नेपाली कांग्रेसका युवा नेता तथा बहुदरमाई नगरपालिकाको मेयर पदका आकांक्षी राकेश यादवको पहलमा साल्ट ट्रेडिङ कर्पोरेशन काठमाडौंले बालबालिकालाई स्कूल ब्याग सहयोग गरेको हो ।
स्कूल ब्याग वितरण कार्यक्रममा विद्यालयका प्रधानाध्यापक, शिक्षक, अभिभावक, स्थानीय समाजसेवी लगायतको सहभागीता रहेको थियो ।



# एक सयभन्दा बढी पालिकाको बजेट प्रविष्ट भएन

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका एक सयभन्दा बढी पालिकाले मन्त्रालयको बेवसाइटमा बजेट प्रविष्ट गरेका छैनन् । पालिकाले समयमै बजेट ल्याए पनि प्रदेशका एक सय ८ पालिकाले मन्त्रालयको बेवसाइटमा बजेट प्रविष्ट नगरेका हुन् । नगरपालिकाहरुले बजेट पारित गरे लगत्तै संघीय मामिला तथा सामान्य मन्त्रालयको बेवसाइटमा अनिवार्य प्रविष्ट गर्नुपर्ने हुन्छ । तर प्रदेशका अधिकांश पालिकाहरुले बिहीबारसम्म मन्त्रालयको बेवसाइटमा बजेट प्रविष्ट गरेका छैनन् ।

एक सय ३६ वटा स्थानीय पालिकाहरु रहेको मधेश प्रदेशमा एक सय ८ पालिकाले अहिलेसम्म बजेट प्रविष्ट गरेका छैनन् । यद्यपि केही पालिकाहरुले बिहीबारसम्म पनि नीति तथा कार्यक्रम पेश गरी बजेटसम्म सार्वजनिक गर्न सकेका छैनन् । ती मध्ये प्रदेशका ५१ पालिकाले मात्र बेवसाइटमा बजेट प्रविष्ट गरेका छन् । बजेट प्रविष्ट गर्ने पालिकाहरुमा बाराका ७, रौतहटका ५, सर्लाही ११, महोत्तरी ८, धनुषा ८, सिरहा ५ र सप्तरी ७ वटा पालिका रहेका छन् ।

# वन जंगलको संरक्षणमा जोड




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
वन जंगलको संरक्षणमा सरोकारवालाहरुले जोड दिएका छन् ।
डिभिजन वन कार्यालय, धनुषाको आर्थिक सहयोगमा समाज विकास पथ नेपाल (क्इम्भ्ए)ले समृद्धिका लागि वन २०८०/०८१ को स्वीकृत कार्यक्रम अन्तर्गत अन्तरक्रियामा सरोकारवालाहरुले मानव र वनको सम्बन्ध ऐतिहासिक रहेको भन्दै त्यसको संरक्षण गर्न जोड दिएका छन् । निजी वन सम्बन्धी क्षमता अभिवृद्धि तालिममा शहिदनगर नगरपालिका र नगराइन नगरपालिकाबासीहरुले वातावरण संरक्षणमा गर्न स्थानीय निकाय क्रियाशील हुनुपर्ने बताएका थिए । बिहीबार सम्पन्न तालिममा पालिकाका स्थानीय, कर्मचारी, विभिन्न संघ–संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । कार्यक्रम पूर्व स्थनीयहरुले आफ्नो टोल छिमेकलाई हराभरा बनाउन र वातावरण स्वच्छ बनाउन वृक्षारोपण गरेका थिए ।

# धनुषामा धान रोपाइँ शुरु, मल अभाव

**जनकपुरधाम ।**
केही दिनदेखि मनसुन भित्रिएसँगै जिल्लाका अधिकांश गाउँमा धान रोपाइँ शुरु भएको छ । जिल्लामा ४२ हजार हेक्टर जमिनमा धानखेती हुँदै आएकामा पछिल्लो समय मलको अभाव रहेको गुनासो आइरहेको छ ।

असार लागेसँगै जिल्लाका कतिपय किसानले मल बिना नै धान रोपाइँ गरिरहेका छन् । यो समस्या प्रतिवर्ष जस्तै रहेको भन्दै हालसम्म समाधान नभएको किसान बताउँछन् । सङ्घीय सरकारको स्वामित्वमा रहेको कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालय जनकपुरसँग मल प्रयाप्त मात्रामा भए पनि किसानलाई उपलब्ध हुन नसकेको मनोहर यादवले गुनासो गरे । उनका अनुसार असार लागेसँगै कतिपय किसानले मलबिना नै रोपाइँ गरिरहेका छन् ।

कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालयले चालु आर्थिक वर्षको साउनदेखि असारको पहिलो सातासम्म २४ करोड ४१ लाख ७३ हजार पाँच सय ५० रुपैयाँ बराबरको ९३ हजार तीन सय ३९ मेट्रिकटन मल बिक्री गरेको जनाएको छ । नौ करोड ३३ लाख ७६ हजार एक सय ३० रुपैयाँ बराबरको पाँच हजार पाँच सय १३ मेट्रिक टन युरिया, १६ करोड ४३ लाख ४५ हजार रुपैयाँ बराबरको तीन हजार पाँच सय ७२ मेट्रिकटन डिएपी, ५७ लाख ८१ हजार सात सय रुपैयाँ मूल्य बराबरको एक सय ७० मेट्रिकटन पोटास तथा छ लाख ७२ हजार रुपैयाँ मूल्य बराबरको ८४ मेट्रिकटन चुन बिक्री गरिएको कार्यालयका प्रबन्धक बेचनकुमार महतोले जानकारी दिए । उनका अनुसार वर्षेबालीका लागि कार्यालयसँग युरिया दुई हजार दुई सय ६२ मेट्रिकटन, डिएपी एक सय १४ मेट्रिकटन तथा पोटास ९७ मेट्रिकटन मौज्दात रहेको छ । 'धानखेतीका लागि आवश्यक पर्ने मल पर्याप्त अवस्थामा रहेको छ भने मल आउने क्रम जारी छ' उनले भने ।

यस वर्ष समयमा नै किसानलाई मल उपलब्ध गराइँने भन्दै मलको समस्या नरहने प्रबन्धक महतोले बताए । 'जनकपुर शाखाबाट धनुषा तथा महोत्तरीका २७ पालिकाअन्तर्गत रहेका दुई सय नौ सहकारी संस्थामार्फत मल जाने गरेको छ । जिल्लाका सम्बन्धित पालिकाको ढिलासुस्तीका कारण किसानलाई मलको अभाव देखिएको हो' उनले भने । स्थानीय पालिकाले समयमा मलका लागि ढुवानी खर्च, 'लोड' र 'अनलोड' गरी बिक्री गर्ने दररेट कायम नगर्दा बिक्रेताले किसानलाई बिक्री गर्न नसकेका हुन् । भारतबाट कम गुणस्तरको मल ल्याउँदा जमिनको उत्पदान क्षमतामा ह्रास आउँदै गएको किसान यादवले बताए । कृषि सामग्री संस्थाबाट मल नपाउँदा सोनमा गाउँपालिकाका किसानले भारतीय बजारबाट बढी मूल्यमा मल ल्याएर रोपाइँ गरिरहेका उनले जानकरी दिए ।

कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालयका प्रबन्धक महतोका अनुसार किसानको आवश्यकता अनुसार सहकारीमार्फत मल बिक्री हुँदै आएको छ । सहजरुपमा मल पाउन गाह्रो रहेको महेन्द्रनगरका किसान रामकुमार महतोले बताए । स्थानीय तहले मल वितरण प्रणालीमा पारदर्शिता लागू नगर्दा किसानलाई समयमा मल पाउन सकस भएको उनको बुझाइ छ । प्रदेश सरकारमार्फत पालिकाले पाएको कोटा अनुसारको मल समयमा नउठाउँदा रोपाइँको समयमा अधिकांश किसानले मल पाउन सकेका छैनन् । कार्यालयले किसानलाई सहुलियत दरमा युरिया प्रति बोरा आठ सय ५० रुपैयाँ, डिएपी पचास किलोको प्रतिबोरा दुई हजार तीन सय ५० रुपैयाँ, पोटास प्रतिबोरा एक हजार सात सय ५० रुपैयाँ मा बिक्री गर्दै आएको छ ।



स्थानीय बिक्रेताले जथाभावीरुपमा बिक्री वितरण गर्दा किसानले बाध्य भएर भारतीय बजारबाट खरिद गर्नुपरेको गुनासो गरेका छन् । रासस

# सशस्त्र प्रहरीद्वारा पाँच जना हुण्डी कारोबारी पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट स्थित सशस्त्र प्रहरीले ६ महिनाको अवधिमा हुन्डीको ३३ लाख भन्दा बढी रुपैयाँसहित पाँच जनालाई पक्राउ गरेको छ । सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट बंकुलको टोलीले पछिल्लो पटक गत असार ६ गते भारतबाट आउने मानिसहरूको चेकजाँच गर्ने क्रममा बंकुल छेउबाट स्रोत नखुलेको १४ लाख ८० हजार रुपैयाँ नगदसहित हुन्डी कारोबारमा संलग्न एक जना भारतीय नागरिक लाई पक्राउ गरेको थियो । त्यस्तै, मोटरसाईकलको सीट मुनि लुकाएर उक्त रकम ल्याएका भारत बिहार मोतीहारी जिल्ला घोडासहन थानाक्षेत्र अन्तर्गत भारतीय हुन्डी कारीवारीलाई पक्राउ गरिएको सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी विक्रम हुमागाईँले बताए ।



गत माघ ५ गते ५ लाख ९४ हजार सहित एक जना मानिसलाई मोटरसाइकलसहित सशस्त्र प्रहरीले पक्राउ गरेको थियो । २०८० पुस २० गते ५ लाख ११ हजार ८७५ रुपैयाँसहित दुई मानिस एकथान मोटरसाइकल, सोही दिन भारतीय रुपैयाँ ५ लाख अर्थात नेपाली ८ लाख रुपैयाँसहित एक व्यक्ति पक्राउ गरेका थिए । माघ महिनादेखि असारको दोस्रो सातासम्म सशस्त्र प्रहरीले रौतहटको विभिन्न ठाउँबाट कुल ३३ लाख ८५ हजार,८७५ रुपैयाँसहित ५ जना हुन्डी कारोबारमा संलग्न मानिसलाई पक्राउका साथै उनीहरूको ३ थान मोटरसाइकल बरामद गरेको सशस्त्र प्रहरी ११ नम्बर हेक्का रौतहटद्वारा जारी सूचनामा उल्लेख गरिएको छ ।






**मौनता सच्चा साथी हो, जसले कहिल्यै विश्वासघात गर्दैन ।**
**– कन्फ्युसियस**

## सम्पादकीय

# नन ग्रेड विद्यार्थी कि शिक्षक ?

*नेपालको शिक्षा प्रणालीबारे विगतदेखि नै सार्वजनिक वृतमा विभिन्न टिकाप्पणी र आलोचना हुँदै आइरेहका एसइइ नतिजाले त्यसलाई थप बल पुर्याएको छ । अहिलेको शिक्षा प्रणाली समय सुहाउँदै बनाउँदै लैजानुपर्नेमा त्यसो हुन नसकेको भन्दै सरोकारवाला निकायहरुले चिन्ता व्यक्त गर्दै आइरहेका छन् । विज्ञान प्रविधीको बढ्दो विकास र विस्तारसँगै शिक्षा क्षेत्रमा पनि आमूल परिर्वतनको खाँचो देखिन्छ । तर, नेपालमा अहिले पनि पुरातनवादी शिक्षण सिकाई प्रणाली कायमै छ । वर्तमान सूचनाको युगमा विज्ञान प्रविधीको प्रयोग सायदै भेटिन्छ । यस्तो अवस्था शिक्षा क्षेत्रको बारेमा बहस हुनु स्वभाविकै पनि हो । तर, शिक्षा क्षेत्रसँग सरोकार राख्ने निकायले यस्ता विषयलाई निष्कर्षमा पुर्याउनुको साटो सार्वजनिक खपतको विषय मात्रै बनाउने गरेको पाइन्छ । जसले गर्दा शिक्षा क्षेत्र गुणस्तरीय विकास गरी दक्ष जनशक्ति उत्पादन गर्न हामी चुकिरहेका छौ । शिक्षा क्षेत्रमा देखिएको राजनीति, महंगो शिक्षा, दक्ष शिक्षकको अभावलगायत थुप्रै कारणले वर्तमान परिस्थितिलाई झेल्दै आएको नेपालको शिक्षा प्रणालीमाथि गम्भीर चिन्ताको पाटो दर्शाएको छ, एसइइ नतिजाले ।*

*बिहीबार सार्वजनिक भएको माध्यामिक शिक्षा परीक्षा २०८० को नतिजालाई लिएर सरोकारवाला निकायले चासो र चिन्ता व्यक्त गरेका छन् । माध्यमिक शिक्षा परीक्षा (एसइइ) मा ५२ प्रतिशत परीक्षार्थी नन ग्रेडेड अर्थात् अनुत्तीर्ण भएका छन् । राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले बिहीबार सार्वजनिक गरेको एसइइको नतिजाअनुसार २ लाख २२ हजार ४७२ जना अर्थात् ४७.८६ प्रतिशत विद्यार्थी भने उत्तीर्ण भएका छन् । यसमा सबभन्दा धेरै ७८ हजार ८७४ जना जीपीए २.८० देखि ३.२० मा परेका छन् । २ लाख ४२ हजार ३१३ जना विद्यार्थी नन ग्रेड (एनजी)मा परेका हुन् । यो संख्या परीक्षामा सहभागी ४ लाख ६४ हजार ७८५ विद्यार्थीको ५२.१४ प्रतिशत हो । एसइइको नतिजालाई लिएर राष्ट्रिय परीक्षा बोर्डले आफ्नै तर्क छ । बोर्डका अनुसार ननग्रेडिङ परीक्षार्थी बढ्नुका दुई कारण औँल्याइएको छ । पहिलो, सबै विषयमा सैद्धान्तिकतर्फ लिखित परीक्षामै न्यूनतम ३५ प्रतिशत अंक ल्याउनुपर्ने व्यवस्थाले ननग्रेडिङ विद्यार्थीको संख्या बढेको बोर्डले जनाएको छ । विगतमा प्रयोगात्मक परीक्षाको अंक जोडेर ३५ प्रतिशत पु¥याए हुने व्यवस्था थियो । त्यस्तै, दोस्रो, यस वर्ष नयाँ पाठ्यक्रमअनुसार पहिलोपटक एसइइ परीक्षा लिइएको हो । सोहीअनुसार, विद्यार्थीको लेटर ग्रेडिङ निर्देशिका–२०७८ को व्यवस्थाअनुसार नतिजा प्रकाशन भएको बोर्डले जनाएको छ। निर्देशिकाअनुसार, विद्यार्थीले हरेक विषयमा न्यूनतम ३५ प्रतिशत अंक ल्याउन अनिवार्य गरिएको छ । त्यसका लागि ७५ पूर्णाङ्कको लिखित परीक्षा सञ्चालन गरिएको थियो । त्यसमा न्यूनतम २७ अंक ल्याउनुपर्छ । त्यो भनेको जीपीए १.६ हो । त्यसभन्दा कम अंक ल्याउने विद्यार्थी ननग्रेडिङमा पर्छन् । त्यस्ता विद्यार्थीले बोर्डबाट ग्रेडसिटसमेत पाउने छैनन् । त्यस्ता विद्यार्थीले वार्षिक परीक्षा नै दिनुपर्छ । उनीहरूले तीन वर्षसम्म परीक्षा दिन पाउँछन् ।*

*एसइइको नतिजाका विषयमा विभिन्न टिकाटिप्पणी सार्वजनिक भए पनि शिक्षाको गुणस्तरमा सुधार ल्याउनुपर्ने कुरालाई भने यसले प्रष्ट संकेत गरेको छ । शिक्षण सिकाई केवल सैद्धान्तिक मात्र नभइ प्रयोगात्मकमा पनि बढी ध्यान दिनुपर्ने देखिन्छ । त्यसका लागि यहाँ विद्यार्थीलाई मात्रै दोषी दिएर उनीहरु उत्तिर्ण हुन सकेनन भन्न मिल्दैन । आधाभन्दा बढी विद्यार्थीको नन ग्रेडको दोष शिक्षक र अभिभावकले पनि लिनुपर्छ । शिक्षण सिकाइमा सुधार ल्याई समग्र शिक्षा गुणस्तर बृद्धि गर्न नीतिगत ढंगबाट पनि सरकारले अग्रसरता लिन जरुरी छ ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशद्दष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# माधव नेपालको समावेशी मन जो पार्टीभित्र सर्वसम्मत छन्

***विगतदेखि वर्तमानसम्म अन्याय, अत्याचार, शोषण र दमनविरुद्ध निरन्तर क्रियाशील रहनुभएका नेपालको वैचारिक दृष्टिकोण प्रशंसायोग्य भएर नै आज हजारौँको संख्यामा नेपालको पद र नीतिको समर्थन गर्ने कार्यकर्ता अग्रमोर्चामा उभिएका छन् ।***



कृपा भण्डारी

नेकपा (एकीकृत समाजवादी) पार्टी दशौँ राष्ट्रिय महाधिवेशनको तयारीमा छ। वैज्ञानिक समाजवादको लक्ष्य लिएर अगाडि बढिरहेको समाजवादी पार्टीको एउटा बलियो खम्बा समावेशी–समानता पनि हो । यो पाटोलाई अंगीकार गरेर पार्टीले अवलम्बन गरिरहेको नीति तथा कार्यदिशा यसकारण पनि उत्कृष्ट देखिएको छ।

पार्टी र विचारसँगै पार्टीको नेतृत्वकर्ताको चारित्रिक विशेषताबारे पनि चर्चा हुन आवश्यक देख्छु । सांकेतिकरूपमा हेर्ने हो भने पार्टी मूलघर हो र पार्टीका नेतृत्वकर्ता अभिभावक हुन् । देशैभर यो पार्टीमा आवद्ध भएकाले वर्तमान नेतृत्वबाट पक्कै सुशील, सभ्य, अनुशासित र जिम्मेवार अभिभावकीय भूमिका पाएको महसुस गरेका छन् भन्ने पार्टीभित्र असन्तुष्टि र वैरभावको क्रियाकलाप नभएकाले यसै पनि आँकलन गर्न सकिन्छ कि नेतृत्व अब्बल र सरल हुँदा प्रशंसा हुने गर्दछ। विधि र पदतिविरुद्ध सती जान तयार नभएर, तत्कालीन नेकपा एमालेमा विद्रोह गरी २०७८ भदौमा नेकपा एकीकृत समाजवादी स्थापना गर्ने आँटिलो व्यक्तिमात्र नभएर व्यक्तित्व माधवकुमार नेपालको समावेशी मनबारे यसपटक चर्चा गर्न खोजेका हौँ।

त्यसो त यो बीचमा धेरैले सत्ताको बागडोर सम्हाले। व्यवस्था फेरियो, व्यक्ति फेरिए, पदको दुरुपयोग गर्दै विभिन्न आपराधिक क्रियाकलापमा लामो राजनीतिक विरासत बोकेका नेताहरू कठघरामा उभ्याइए त कति अहिले पनि जेलको चिसो छिँडीमा सजाय भुक्तान गरिरहेका छन्। कहिले महिलाका विषय त कहिले भ्रष्टचारका विषयमा आफ्नो छवि धुमिल्याउने राष्ट्रियस्तरका नेताको चारित्रिक गुण बाहिर आइसकेको छ।

तर, पटकपटक देश सञ्चालनको मुख्य पदमा पुग्दा पनि देशलाई घात नगर्ने सरल र अनुशाशित छवि बनाएका नेता, कुशल नेतृत्वकर्ता हुन् माधवकुमार नेपाल। महिला वर्गलाई सम्मानका साथ हेर्ने, व्यवहार गर्ने र अवसरमा समेत महिला पात्रलाई प्राथमिकता दिने विशेषताकै कारण एकीकृत समाजवादीमा आवद्ध महिलाको आँट र हौसला निरन्तर बढिरहेको छ भन्दा दुई मत नहोला।

समावेशीकरण सिद्धान्तले सामाजिक न्यायको वकालत गर्छ। हरेक क्षेत्रमा ३३ प्रतिशतको सुनिश्चितता गरेका कारण नेपाली महिलाले पनि समान अवसरको अपनत्व गर्दै आएका छन् । यद्यपि व्यवहारिकरुपमा भने सबै ठाउँमा अझै पनि यो लागू नभएको तीतो यथार्थ भने छ। लैंगिक तथा समावेशीकरणका नीति २०७० अनुसार नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ ले प्रत्येक नागरिकको वैयक्तिक स्वतन्त्रताको हक र धारा १३ ले समानताको हकको सुनिश्चितता गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेशीलगायत आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सक्ने व्यवस्थासमेत गरेको छ।

धारा २१ मा सामाजिक न्यायको हकअन्तर्गत महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी हुने हक र धारा ३३ (घ १) ले राज्य संरचनाका सबै अङ्गहरूमा मधेशी, दलित, आदिवासी र जनजाति, महिला, पिछडा वर्गलगायत पिछडिएका वर्ग र क्षेत्रका सबै नागरिकलाई समानुपातिक समावेशिताका आधारमा सहभागी गराउने नीति राज्यले अवलम्बन गर्ने उल्लेख गरिएको छ।

तर, जतिबेला नेपाली समाजमा समावेशिता भन्ने अलग्गै मुद्दा हो वा बन्छ भनेर स्थापित भएकै थिएन, माधवकुमार नेपालले त्यही कालखण्डमा समावेशी सहभागिताको अभ्यास गर्नुभएको र



क्रमशःत्यो मुद्दाको मूल्य समाजमा स्थापित हुन पुगेको इतिहास तपाईं हामीसामु छर्लङ्ग छ। विगतलाई फर्केर हेर्ने हो भने पहिलोपटक प्रधानमन्त्री हुँदा नेपालले कार्यालयमै पहिलोपटक महिला हिंसाविरुद्धको डेस्क स्थापना गर्नुभएको थियो। जसले महिलाका मुद्दामा उहाँको संवेदनशीलतालाई प्रष्ट पार्छ।

माधव नेपाल नेतृत्वको एमालेले नै हो, प्रतिनिधिसभामा पहिलोपटक महिला उपसभामुख (लीला श्रेष्ठ सुब्बालाई) बनाएको । त्यही कालखण्डमा राष्ट्रियसभामा पहिलोपटक दलित समुदायबाट उपाध्यक्ष बनाइनु भयो रामप्रीत पासवान। २०५१ को मन्त्रिपरिषदमा मेची अञ्चलबाट केपी ओली, सिपी मैनाली र राधाकृष्ण मैनाली मन्त्री हुँदा सुवास नेम्बाङलाई भाग पुगेन। तर माधव नेपालको समावेशी मनले यत्तिमा चित्त बुझाएन र सुवास न्याय, कानुन तथा संसदीय व्यवस्था राज्यमन्त्री बनाइनुभयो।

शान्ता चौधरी मुक्त कमलरी थिइन्। उनलाई सामाजिक जीवनमा पुनःस्थापित गर्ने अनेकन उपाय थिए। तर, त्यो वर्ग र समुदाय मुलुकको नीति निर्माण गर्ने तहमा पुग्नुपर्ने माधवकुमार नेपालको मनले भन्यो, 'उनलाई संसदमै ल्याउनुपर्छ।' समावेशी संविधान बनाउने अभिभारा बोकेको पहिलो संविधानसभामा अल्पसंख्यक समुदायबाट गोविन्दराम चेपाङ, लोपोन्मुख समुदायबाट शान्ती जिरेलहरु संसदमा ल्याउने नेतृत्वको नाम माधवकुमार नेपाल नै हो ।

यसरी समावेशी सहभागिता र समान अवसरको मुद्दालाई स्थापित गराउने नेतृत्वको अमिट नाम हो माधवकुमार नेपाल। यतिमात्र होइन रुकुमकी कमला चन्दको जिन्दगीमा त नेपाल भगवान् भन्दा कम हुनु भएन। सायद चन्द हिजोआज दाङ, तुल्सीपुरतिर कतै रमाइरहनु भएको होला। थाहा छैन २०६६ सालमा माधवकुमार नेपाल आफैँ नेपालगञ्जबाट हेलिकप्टर लिएर रुकुम नपुग्नु भएको भए कमलाको जीवनको वज्रपातले कुन मोड लिन्थ्यो, अनुमान मात्र गर्न सकिन्छ।

सुत्केरी व्यथाले च्यापेको र नजिकै कुनै अस्पताल वा स्वास्थ्य चौकी नभएको स्थितिमा कमला मृत्युसँग जुधिरहेकी थिइन् । कञ्चनपुरको कार्यक्रमबाट फर्कने क्रममा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल सवार हेलिकप्टर नेपालगंजमा अवतरण भयो। होटल स्नेहामा उहाँको बसोबास भयो। भोलिपल्ट बिहानै काठमाडौँमा मन्त्रिपरिषद् बैठक थियो। काठमाडौं जानुअघि उहाँलाई कसैले फोन गरेर सुनाए, रुकुममा कमला मृत्युसँग लडिरहेको कुरा। त्यसपछि हेलिकप्टरलाई रुकुमतिर लैजान भन्नुभयो। तर, उहाँका सहयोगीले मन्त्रिपरिषद बैठकबारे उहाँलाई सम्झाउँदा नेपालको उत्तर थियो, 'बैठक क्यान्सिल गर्न लगाउनुहोस्' पहिला सुत्केरीलाई प्रसूति गृह पु¥याउनु प¥यो।'

यसप्रकार आफैँ रुकुम पुगेर कमलालाई काठमाडौँ ल्याइयो। कमलाले सन्तानका रुपमा छोरालाई सकुशल जन्म दिनु भयो। कमलासँगै नवजात शिशुले पनि पुनर्जीवन पाए। नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालको समावेशी मन कति संवेदनशील छ भन्ने एउटा प्रतिनिधि घटना यो पनि हो। महिलामाथि माधवकुमार नेपालको न्यायको नजर कस्तो थियो, कमला चन्ददेखि स्व. लीला श्रेष्ठ सुब्बाहरूले महसुस गरे होलान्। दलितमाथि उहाँको समानभाव रामप्रीत पासवानलाई थाहा छ। पहिलो संविधानसभामा अल्पसंख्यक समुदायका रुपमा पाएको भूमिकाको गोविन्दराम चेपाङलाई सोधौं।

विगतदेखि वर्तमानसम्म अन्याय, अत्याचार, शोषण र दमनविरुद्ध निरन्तर क्रियाशील रहनुभएका नेपालको वैचारिक दृष्टिकोण प्रशंसायोग्य भएर नै आज हजारौँको संख्यामा नेपालको पद र नीतिको समर्थन गर्ने कार्यकर्ता अग्रमोर्चामा उभिएका छन्। सत्ता र पदलिप्सा भन्दा पनि भूइँमान्छेको समर्थन र उत्थानमा सदैव खटिने नेपालले नै पुनः अबको नेतृत्व गर्नुपर्छ भन्ने अधिकांश कार्यकर्ता र महाधिवेशन प्रतिनिधिको माग छ किनकी समयको गतिसँगै पाइला चाल्नसक्ने कुशल नेतृत्व अबको समयको माग र आवाश्यकता दुवै हो।

# विष्फोटक पदार्थ बोक्न सक्ने क्षेप्यास्त्रको सफल परीक्षण

**एएफपी।**
**सियोल**

प्योङयाङबाट फोहर बोकेका दर्जनौँ बेलुन दक्षिण कोरियामा पठाएको केही दिनपछि उत्तर कोरियाले एकै पटक धेरै संख्यामा बिष्फोटक पदार्थ बाक्ने क्षेप्यास्त्रको सफल परीक्षण गरेको दाबी गरेको सरकारी सञ्चारमाध्यमले बिहीबार बताएका छन् । प्योङयाङले हतियार परीक्षणलाई तीव्रता दिएको छ। दक्षिण कोरियाका अधिकारकर्मीले उत्तरतर्फ पठाएका मानव अधिकार सुरक्षासम्बन्धी सन्देशसहितका बेलुन पठाएको प्रतिशोधस्वरूप प्योङयाङले दक्षिण कोरियामाथि फोहोरले भरिएको बेलुनहरू पाठाएको थियो।

बेलुनले सियोलको प्रमुख हब इन्चोन विमानस्थललाई बुधबार बन्द गर्न बाध्य बनाएको थियो र लगातार प्रक्षेपणहरूको प्रतिक्रियामा, दक्षिणले तनाव कम गर्ने सैन्य सन्धिलाई पूर्ण रूपमा निलम्बन गरेको छ र सीमा नजिकै प्रोपोगान्डा लाउडस्पीकर प्रसारण र प्रत्यक्ष–फायर अभ्यास पुनः सुरु गरेको छ। उत्तर कोरियाको सरकारी समाचार संस्था कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसीएनए) का अनुसार उत्तर कोरियाले 'व्यक्तिगत मोबाइल वारहेडको पृथक्करण र मार्गदर्शन नियन्त्रण परीक्षण सफलतापूर्वक सम्पन्न गरेको' दाबी गरेको छ। अघिल्लो दिन गरिएको परीक्षणका क्रममा छुट्टाछुट्टै मोबाइल वारहेडलाई सही तरिकाले तीन वटा 'कोअर्डिनेट टार्गेट'मा डोरÞ्याइएको बताइएको छ।

केसीएनएले भनेको छ, 'यो परीक्षण एमआईआरभी क्षमता सुरक्षित गर्ने उद्देश्यले गरिएको हो।' यसमा धेरै स्वतन्त्र रूपमा टार्गेट गर्न सकिने रिएन्ट्री भेहिकल टेक्नोलोजी वा एउटै ब्यालेस्टिक क्षेप्यास्त्रमा धेरै वारहेड प्रहार गर्ने क्षमता उल्लेख गरिएको छ। दक्षिण कोरियाली सेनाले यसअघि बुधबार उत्तर कोरियाले गरेको परीक्षण हाइपरसोनिक क्षेप्यास्त्रको जस्तो देखिएको बताएको थियो । उक्त क्षेप्यास्त्रबाट सामान्यभन्दा बढी धुवाँ निस्केको देखिएको र यसले दहनको समस्या निम्त्याउने सम्भावना बढेको अधिकारीहरूले बताएका छन्।

केसीएनएका अनुसार यो परीक्षण १७० देखि २०० किलोमिटरको परिधिभित्र मध्यम दूरीको ठोस इन्धन ब्यालिस्टिक क्षेप्यास्त्रको पहिलो चरणको इन्जिन प्रयोग गरेर गरिएको थियो। उत्तर कोरियाले लगातार तीन दिनदेखि सयौं फोहोर बोक्ने बेलुन दक्षिणतर्फ उडाएको छ। सियोलको सेनाले बिहीबार बिहानसम्म उत्तरी ग्योन्गी प्रान्त र सियोल क्षेत्रमा करिब ७० वटा बेलुन अवतरण भइसकेका जनाएको छ। 'करिब १० किलोग्राम तौल भएका बेलुनहरू द्रूत गतिमा तल झर्दा खतरा हुन्छ' उसले भनेको छ।

पछिल्ला बेलुनहरूको प्रतिक्रिया 'रणनीतिक र परिचालन स्थितिको आधारमा लचिलो हुनेछ। यो उत्तर कोरियाको गतिविधिमा निर्भर गर्छ' विज्ञप्तिमा भनिएको छ। दक्षिण कोरियाको मरिन कोरले बुधबारदेखि पश्चिमी अन्तरकोरियाली सीमा नजिकका टापुहरूमा प्रत्यक्ष फायर अभ्यास पुनः सुरु गरेको छ। सन् २०१८ मा उत्तर कोरियासँगको तनाव कम गर्ने सैन्य सम्झौता पछि यो अभ्यास पहिलो पटक सुरू गरिएको हो।

# संयुक्त र विषयगत समितिमा सांसदहरू हेरफेर

**काठमाडौँ ।**
प्रतिनिधिसभाको बिहीबारको बैठकले सङ्घीय संसद्अन्तर्गतका केही संयुक्त समिति र विषयगत समितिहरूमा हेरफेर गर्ने सहमति जनाएको छ । सङ्घीय संसद्को संयुक्त बैठक र संयुक्त समिति कार्यसञ्चालन नियमावली २०८० को नियम २५ को २ बमोजिम संसदीय सुनुवाइ समितिमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डोलप्रसाद अर्यालको स्थानमा डा स्वर्णिम वाग्लेको नाम हेरफेर गर्न सभामुख देवराज घिमिरेले सभाको सहमतिका लागि प्रस्ताव गर्नुभएको थियो ।

उक्त प्रस्तावलाई बैठकले सहमति जनाएको हो । त्यस्तै, प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १७७ बमोजिम विभिन्न विषयगत समितिमा सदस्यको नाम थप तथा हेरफेरका लागि पनि प्रतिनिधिसभाको आजको बैठकले सहमति जनाएको छ । प्रमुख प्रतिपक्ष दल नेपाल कांग्रेसका सांसद डा प्रकाशशरण महतलाई अर्थसमिति र सांसद नारायणप्रकाश साउदलाई अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा पठाइएको छ ।

कांग्रेसका सांसद सीता गुरुङ र नेकपा (एमाले)का सांसद सुहाङ नेम्वाङलाई कानुन, न्याय तथा मानवअधिकार समितिमा जिम्मेवारी दिइएको हो । त्यसैगरी, कांग्रेसका सांसदद्वय रमेश रिजाल र सुरेन्द्रराज आचार्यलाई उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा जिम्मेवारी दिइएको छ । कांग्रेस सांसदहरू टेकबहादुर गुरुङलाई कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिमा, धनराज गुरुङ, मोहनबहादुर बस्नेत र डिगबहादुर लिम्बूलाई शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा पठाइएको छ । जनमत पार्टीका सांसद अनिता देवीलाई राज्यव्यवस्था तथा सुशासन समितिमा पठाइएको छ ।

त्यसैगरी, राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरू हरि ढकाल र असिम शाहको विषयगत समितिको जिम्मेवारी हेरफेर भएको छ । ढकाललाई सार्वजनिक लेखा समितिबाट राज्य व्यवस्था तथा सुशासन समितिमा र शाहलाई उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिबाट सार्वजनिक लेखा समितिमा पठाइउने प्रस्तावलाई प्रतिनिधिसभाले सहमति जनाएको हो । त्यस्तै, प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १३ बमोजिम प्रतिनिधिसभा कार्यव्यवस्था परामर्श समितिमा जनमत पार्टीका सांसद अब्दुल खांनको स्थानमा सांसद देवी मनोनित भएकी छन् । रासस

# समयमै मल उपलब्ध गराउन र सडक निर्माण गर्न आग्रह

**काठमाडौँ ।**
प्रतिनिधिसभाको बिहीबारको बैठकमा शून्य समयमा सांसदहरूले किसानलाई समयमै मल उपलब्ध गराउन तथा विभिन्न सडक निर्माण गर्न सरकारसँग आग्रह गरेका छन् । बैठकको शून्य समयमा बोल्दै सांसद विद्या भट्टराईले अछामको छाउगोठमा किशोरी बलात्कृत भएकी, ललितपुरमा धारामा पानी लिन जाँदा महिलामाथिको हिंसा र पोखराका स्पाहरूमा नाबालिकाको प्रयोगजस्ता घटनाका विषयमा अनुसन्धान गरी दोषीलाई कारबाही र पीडितलाई न्याय दिन सरकारसँग माग गरिन् । सांसद बिना लामाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बहालवाला मुख्यसचिवमाथि भ्रष्टाचारको मुद्दा दायर गरेको विषय उठाउँदै मुख्यसचिव नियुक्ति प्रक्रिया नै शङ्काको घेरामा रहेको बताइन् ।



*सांसद शान्ति विकले मुलुकको सार्वजनिक ऋण २४ खर्ब रुपैयाँभन्दा बढी पुगेको उल्लेख गर्दै 'बेल्ट एण्ड रोड इनिसिएटीभ' (बिआरआई)बाट ऋणभन्दा पनि अनुदान लिनुपर्ने धारणा राखिन् । सांसद शान्ति श्रेष्ठले बागमती करिडोरअन्तर्गत विभिन्न स्थानमा सडक निर्माणको काम रोकिएकामा त्यसलाई समयमै सम्पन्न गर्न पर्छ ।*

सांसद विनिताकुमारी सिंहले मनसुन सुरु भएसँगै तराईका जिल्लामा सर्पदंशका घटना बढेका उल्लेख गर्दै विभिन्न स्थानका प्राथमिक स्वास्थ्य केन्द्रमा सर्पदंशको उपचारको व्यवस्था गर्ने विषयमा सरकारको ध्यानाकर्षण गराइन् । सांसद बिना जैसवालले सञ्चारमाध्यमले विभिन्न समस्या उठाइरहेका भए पनि सरकारी निकायले ती विषयमा अनुसन्धानका काममा गति दिन नसकेको बताइन् । सरकारको सेवा प्रवाह नागरिकमैत्री हुन नसकेको र विद्यमान ऐन, कानुनको उचित पालना हुन नसकेको विषय उनले संसदमा उठाइन् ।

सांसद श्यामकुमार घिमिरेले वीर अस्पतालमा जनशक्ति अभावका कारण अति सघन कक्षका शैयया सञ्चालनमा आउन नसकेका विषयमा संसद्मार्फत सरकारको ध्यानाकर्षण गराए । उनले देशभरका सरकारी अस्पतालमा जनशक्ति अभाव रहेको बताए । सांसद शान्ति विकले मुलुकको सार्वजनिक ऋण २४ खर्ब रुपैयाँभन्दा बढी पुगेको उल्लेख गर्दै 'बेल्ट एण्ड रोड इनिसिएटीभ' (बिआरआई)बाट ऋणभन्दा पनि अनुदान लिनुपर्ने धारणा राखिन् । सांसद शान्ति श्रेष्ठले बागमती करिडोरअन्तर्गत विभिन्न स्थानमा सडक निर्माणको काम रोकिएकामा त्यसलाई समयमै सम्पन्न गर्न माग गरिन् । काठमाडौँ उपत्यकाको फोहर व्यवस्थापन र सौन्दर्यकरणका काम प्रभावकारी हुन नसकेको उनको भनाइ छ । सांसद शिव नेपालीले यातायात व्यवसायीले भोग्नुपरेका समस्या संसद्मा उठाए । सांसद शेरबहादुर कुँवरले वर्षायाममा बाढी, पहिरोका कारण बिजुलीका खम्बा ढल्ने र करेन्ट लागेर मृत्यु हुने घटना बढिरहेकमा सम्बन्धित निकायको ध्यानाकर्षण गराए । सामाजिक सुरक्षा भत्ता लिन राष्ट्रिय परिचयपत्र अनिवार्य गर्दा यसले समस्या निम्त्याएकाले परिचयपत्र बनाउन गाउँगाउँमा टोली खटाउन उनले सरकारसँग माग गरे । सांसद शोभा ज्ञवालीले देशभर बाढी र पहिरोबाट ज्यान गुमाएका व्यक्तिका परिवारलाई क्षतिपूर्ति दिन तथा घरबास गुमाएकालाई पुनर्वासको व्यवस्था गर्न सरकारसँग माग गरिन् ।

सांसद सन्तोष चालिसेले देशभरि बाढी, पहिरोको जोखिम बढेकाले दैवी प्रकोप नियन्त्रण, राहत तथा उद्धारका काम प्रभावकारी बनाउन माग गरे । वीर अस्पताललाई भक्तपुरको दुवाकोटमा सार्न जग्गा अधिग्रहण गरिएको भए पनि त्यसको थप काम अघि बढ्न नसकेको उनले बताए । सांसद सम्झना थपलियाले सिरहा र धनुषाका किसानले सुनकोशी मरिन डाइभर्सनबाट सिँचाइ सुविधा पाउन नसकेको विषय संसद्मा उठाइन् । सांसद सरस्वती बजिमयले वर्षायाम सुरु भएसँसै सडक अवरुद्ध भएको, धनजनको क्षति भएको तथा जोखिममा रहेका बस्ती स्थानान्तरण हुन नसकेकामा सरकारको ध्यानाकर्षण गराइन् । सांसद सरिता भुसालले हुलाकी राजमार्ग निर्माणको काम अधुरै रहेकामा संसद्मार्फत सरकारको ध्यानाकर्षण गराइन् । सांसद डा स्वर्णिम वाग्लेले तनहुँमा नेपाल विद्युत् प्राधिकरणअन्तर्गतका विभिन्न आयोजनामा जग्गाको विवाद र समस्या रहेको विषय उठाउँदै स्थानीयको माग सम्बोधन गर्न सरकारसँग आग्रह गरे ।

सांसद सीता मिजारले तीन तहका सरकारबीच समन्वय, सहकार्य र सहअस्तिवको भावनाअनुसार काम हुन नसकेको र संविधानले परिकल्पना गरेअनुसार सङ्घीयता कार्यान्वयनमा अझै समस्या रहेको बताइन् । सांसद सुशीला सिर्पाली ठकुरीले रजस्वला भएका महिलामाथिको विभेद अझै हट्न नसकेको विषय संसद्मा उठाइन् । यस्ता कुरीति हटाउन र सामाजिक रुपान्तरणका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्न उनले सरकारसँग माग गरिन् । सांसद सूर्यकुमारी श्रेष्ठले कोदोखेती बढाएर यसको उत्पादनलाई ब्राण्डिङ गर्न सरकारलाई सुझाव दिइन् । सांसद सूर्यप्रसाद ढकालले काठमाडौँ उपत्यकाका तीन जिल्लाको सवारी जाम व्यवस्थापन गर्न गृह मन्त्रालयको कस्तो योजना छ भन्दै सरकारसँग प्रश्न गरिन् ।

सांसद सूर्यबहादुर थापा क्षेत्रीले प्युठानका स्वर्गद्वारीलगायतका पर्यटकीय क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माण गर्न सरकार गम्भीर नदेखिएको बताए । सांसद सूर्यमान तामाङ (दोङ)ले वर्षेबाली लगाउने बेलामा किसानले मल नपाएको उल्लेख गर्दै समयमै मल आपूर्ति गर्न माग गरे । सांसद सञ्जयकुमार गौतमले बर्दियामा बाढी र डुबानको समस्या व्यवस्थापन गर्न पर्याप्त बजेट विनियोजन हुन नसकेको बताए । सांसद हर्कमाया विश्वकर्माले संसद्मा सांसदहरूले उठाएका विषयबारे सरकार र मातहतका निकाय गम्भीर हुन नसकेको बताइन् । सांसद हितराज पाण्डेले गोरखाको अजिरकोट गाउँपालिकामा पर्यटकीय पूर्वाधार निर्माण र सहरी पूर्वाधार निर्माण गरिनुपर्ने बताए । सांसद हृदयराम थानीले विभिन्न स्थानीय तहका स्वास्थ्य कर्मचारीले तलब पाउन नसकेको विषय संसद्मा उठाए । सांसद ज्ञानु बस्नेत सुवेदीले एसइई परीक्षामा ५२ दशमलव १४ प्रतिशत विद्यार्थी मात्र कक्षा ११ मा पढ्न पाउनेगरी उत्तीर्ण भएकामा नतिजामा समस्या देखिएकाले त्यसलाई सच्याउन माग गरिन् । सांसद ज्ञानेन्द्रबहादुर कार्कीले कोशीटप्पु बन्यजन्तु आरक्षलाई राष्ट्रिय निकुञ्ज बनाइनुपर्ने माग गरे । सांसद विनोदकुमार चौधरीले चितवनको वाल्मिकी आश्रम क्षेत्रमा सडक, विद्युत्लगायतका अत्यावश्यक पूर्वाधार बन्न नसकेको विषयमा सरकारको ध्यानाकर्षण गराए । रासस

# आमाको नामबाट नागरिकता सहजरुपमा दिलाउन माग



**काठमाडौँ ।**
राष्ट्रियसभाको बिहीबारको बैठकमा सांसदहरुले आमाको नामबाट नेपाली नागरिकता सहजरुपमा दिलाउन सरकारसँग माग गरेका छन् । आमाको नामबाट नागरिकता पाउन सहज नभएको गुनासो गर्दै उनीहरुले अशं र वंशमा नारीको अधिकार हुनुपर्नेमा जोड दिएका छन् । राष्ट्रियसभा बैठकको शून्य समयमा बोल्दै सांसद गङ्गाकुमारी बेल्बासेले आमाको नामबाट नेपाली नागरिकता पाउने व्यवस्था सहज हुनुपर्ने बताइन् । सांसद तारामान सुनुवारले समाजिक सुरक्षालगायत अन्य सरकारी सेवा लिन राष्ट्रिय परिचयपत्रको व्यवस्थाका कारण नागरिकले झन्झट व्यहोर्नुपरेको बताए ।

सांसद तुलसाकुमारी दाहालले जनकपुरस्थित जानकी वृद्धाश्रमलाई सरकारले सहयोग नगर्दा स्वास्थ्योपचार गर्न वृद्धवृद्धालाई असहज भएको भन्दै सरकारको ध्यानाकर्षण गराइन् । सांसद भगवती न्यौपाने काठमाडौँमा ट्राफिक बत्ती जडान भए पनि राम्रोसँग काम नगरेको भन्दै सो व्यवस्थापनमा सरकारको ध्यान जानुपर्ने बताइन् । सांसद मायाप्रसाद शर्माले बाढी, पहिरोबाट घाइते भएकाको समयमै उद्धार गर्नुपर्ने तथा मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न आवश्यक कदम चाल्न सरकारसँग माग गरे । सांसद शारदादेवी भट्ट र सुमित्रा बिसीले वर्षायामको सुरुसँगै जनधनको क्षति भएको भन्दै पूर्वतयारी गर्नुपर्नेमा जोड दिइन् ।

**छाउपडी प्रथालाई राज्यले बन्द गर्नुपर्नेमा जोड**

राष्ट्रियसभाको बिहीबारको बैठकमा सांसदहरुले छाउपडी प्रथालाई राज्यले बन्द गर्नुपर्नेमा जोड दिएका छन् । बिहीबार बसेको बैठकमा सांसदहरुले छाउपडी प्रथाका कारण किशोरीको सुरक्षा हुने नसके भन्दै यो प्रथा अन्त्यका लागि राज्यले आवश्यक नीति बनाएर कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । सांसद सुरेशकुमार आलेमगरले केही दिन अगाडि अछाममा छाउपडीमा राखिएकी किशोरीमाथि भएको बलत्कारको घटनाप्रति आपत्ती जनाउँदै पीडित किशोरीलाई मनोवैज्ञानिक क्षतिपूर्ति आवश्यक रहेको बताए । 'छाउपडी प्रथा तुरुन्तै राज्यले बन्द गर्नुपर्छ । यसका लागि आवश्यक नीति बनाएर कायाृन्वयन गर्नुपर्छ' उनले भने, 'किशोरीलाई न्याय र पीडकलाई कडा रुपमा कानुनी कारबाही गर्नुपर्छ ।'

सांसद कृष्णबहादुर रोकायले राज्य भएको अनुभूति जनताले गर्न नपाएको भन्दै जनताका विद्यमान समस्या समाधानका लागि राज्यले चासो देखाउन नसकेको आरोप लगाए । 'गत कात्तिकमा जाजरकोट केन्द्रविन्दु बनाएर गएको भूकम्पका कारण भत्किएका घर बन्न सकिरहेको छैन, अस्थायी बसोबासको रुपमा टहरा प्रयोग भए पनि वर्षामा पानी छिर्ने तथा सर्प छिर्ने समस्या छ' उनले भने, 'भूकम्पपीडितको समस्या समाधानतर्फ सरकारको ध्यान गएको छैन, त्यहाँका जनताको आवाज सरकारले सुन्नुपर्छ ।' सांसद तुलसाकुमारी दाहालले मुलुकको अर्थतन्त्रमा आएको शिथिलता हटाउन सरकार गहन हुनुपर्नेमा जोड दिइन् । 'अर्थतन्त्रका तीन खम्बे रणनीति, सरकारी, सहकारी र निजी क्षेत्रबीच समन्वय हुनुपर्ने, विप्रेशणबाट प्राप्त रकमलाई उत्पादनशील क्षेत्रमा लगाउनुपर्ने, निजी लगानी आकर्षण गर्न लगानी मैत्री वातावरण बनाउनुपर्छ' उनले भनिन्, 'स्वदेशी उत्पादनमा जोड दिँदै लगानीकर्तालाई सुरक्षित लगानीको वातावरण बनाउनुपर्दछ ।' सांसद दाहालले बाँझो जमिनको सदुपयोग गर्दै फलफूल तथा तरकारी बिरुवा उत्पादन गरेर आर्थिक सुधारका लक्ष्य लिन सरकारलाई सुझाव दिइन् । किसानका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरी सहभागी गराउनुपर्नेमा उनले जोड दिइन् ।

सांसद सावित्री मल्लले कर्मचारीको तलब नबढेकाले मनोबल घटेको भन्दै यसमा सरकारको ध्यान जानुपर्नेमा जोड दिइन् । उनले मुलुकको आर्थिक समृद्धिका लागि कृषि, वन, पर्यटन प्रवर्द्धनमा जोड दिनुपर्ने बताइन् । उनले प्राकृतिक विपत्तिका कारण मृत्यु हुनेका परिवारलाई समयमा नै राहात, घाइतेलाई उपचार र पीडितलाई गाँसबाँसको व्यवस्था गर्न संसद्मार्फत सरकारको ध्यानाकर्षण गराइन् । सांसद तुलप्रसाद विश्वकर्माले अछाममा छाउगोठमा बसिरहेकी किशोरीमाथि भएको बलत्कारको घटनाप्रति छानबिन गरेर पीडितलाई न्याय दिलाउन माग गरे । सांसद गोपालकुमार बस्नेतले आगामी आर्थिक वर्षका लागि विनियोजन गरिएको बजेट किसान अनुकूलन नभएको बताए । 'साना किसानका लागि पनि सरकारले आधुनिक कृषि खेती प्रवर्द्धन गर्न सहयोग गर्नुपर्छ' उनले भने, 'किसानलाई समयमा बिउ र मल उपलब्ध गराएमा कृषिको उत्पादन वृद्धि हुनुका साथै कृषिमा मुलुक आत्मनिर्भर बन्न सक्ने छ ।' सांसद गोपाल भट्टराईले मुलुकभर मनसुन सुरु भएको केही दिन मात्रै भएको बताउँदै यसबाट धेरै धनजनको क्षति भएको घटनाप्रति सबै सरोकार भएका निकाय सचेत हुन जरुरी रहेकामा जोड दिए । 'यस वर्षको मनसुनमा सरदरभन्दा बढी वर्षा हुने प्रक्षेपण गरिएको छ, मनसुनजन्य क्षति न्यूनीकरणमा राज्यले विशेष योजना बनाएर प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ । जोखिम भएका क्षेत्रका नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी अस्थायी आवासको व्यवस्था गर्नुपर्छ ।' रासस

# राहत तथा उद्धारका काममा तीव्रता दिन माग

**काठमाडौँ ।**
प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसदहरूले मनसुनी जोखिम न्यूनीकरण र राहत तथा उद्धारका काममा तीव्रता दिन माग गरेका छन् । बाढी, पहिरो, चट्याङ, डुबानलगायत समस्याले देशभर जनजीवन प्रभावित भएको भन्दै उनीहरुले सरकारको ध्यानाकर्षण गराएका छन् । प्रतिनिधिसभाको बिहीबारको बैठकमा आकस्मिक समयमा बोल्दै सांसद ईश्वरीदेवी न्यौपानेले मनसुन सुरु भइसकेको अवस्थामा बाढी, पहिरो, डुबान, चट्याङलगायत विभिन्न प्राकृतिक विपद्का घटना बढेकाले जोखिम न्यूनीकरण र पीडितलाई राहत तथा क्षतिपूर्तिका लागि सरकारसँग माग गरे । सांसद मानवीर राईले बाढी र पहिरोले सोलुखुम्बुका विभिन्न सडकखण्ड भत्किएर यातायात सेवा अवरुद्ध भएको तथा केही व्यक्तिको घरमा क्षति पुगेको विषय संसद्मा उठाए । सांसद अमनलाल मोदीले देशभर बाढीपहिराको समस्या सिर्जना भएको भन्दै त्यसतर्फ सरकारको ध्यानाकर्षण गराए । उनले तत्काल उद्धार र राहतको कदम चाल्न माग गरे । सांसद अमरेशकुमार सिंहले विद्युत् प्राधिकरणको लापरवाहीले केही ठाउँमा बिजुलीको तार लत्रिएको अवस्थामा रहेको र करेन्ट लाग्ने जोखिम देखिएकाले त्यसतर्फ सम्बन्धित निकायको ध्यान दिन माग गरे । सांसद रामहरि खतिवडाले बाढीपहिरोका कारण देशभर धनजनको क्षति भएको उल्लेख गर्दै ओखलढुङ्गाका विभिन्न स्थानमा पनि बाढी पहिरोले जनधनको क्षति भएको र घाइतेलाई हेलिकप्टरमार्फत उद्धार गरेर काठमाडौँमा उपचार भइरहेको सदनलाई जानकारी गराए । खानेपानी, विद्युत् तथा इन्टरनेट सेवा आपूर्ति, सिँचाइलगायत अत्यावश्यक सेवामा बाधा पुगेकाले त्यसतर्फ सरकारको ध्यानाकर्षण गराए ।

सांसद मनबहादुर गुरुङले कास्कीका विभिन्न स्थानमा बाढी र पहिरोका कारण जनधनको क्षति भएकाले पीडितलाई राहत, क्षतिपूर्ति तथा सहज स्वास्थ्योपचारको सुविधा उपलब्ध गराउन सदनमार्फत् सरकारसँग माग गरे । सांसद उर्मिला माझीले लमजुङका विभिन्न स्थानमा बाढी, पहिरो र चट्याङजस्ता मनसुनी विपद्का कारण ६ जनाले ज्यान गुमाउनुपरेको सदनलाई जानकारी गराइन् । सांसद किरण साहले विपद् व्यवस्थापनका लागि सरकार र मातहतका निकायको ध्यानाकर्षण गरे । जोखिम न्यूनीकरण र पूर्वतयारीका काममा ध्यान दिन उहाँले सरकारसँग माग गरे । सांसद अब्दुल खानले मङ्गलबार र बुधबार भएको वर्षाका कारण देशभर २० जनाले ज्यान गुमाएका तथा १६ जनाभन्दा बढी घाइते भएको जानकारी गराउनुका साथै शिक्षा क्षेत्रमा विकृति बढिरहेको विषयमा विस्तृत अनुसन्धान गर्न सरकारसँग माग गरे । रासस

# मन्त्रीले सांसद पर्खनुपर्दा....

**काठमाडौँ ।**
प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका गणपूरक सदस्यहरु निर्धारित समयमा उपस्थित नहुँदा बिहीबारको बैठक एक घण्टापछि शुरु भयो । बैठकका लागि शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठ भने ठिक समय (बिहान ७द्ध३०) बजे समितिको सभाकक्ष, सिंहदरबारमा उपस्थित भएकी थिइन् । निर्धारित समयमा २४ सदस्यीय समितिका सभापति अम्बरबहादुर थापासहित छ सांसद मात्रै उपस्थित भएपछि बैठक शुरु हुनसकेन । 'नेपाल विश्वविद्यालय सम्बन्धमा व्यवस्था गरेको विधेयक'माथिको छलफलका लागि राखिएको बैठकमा १०द्ध३० बजेपछि समितिका लागि शिक्षामन्त्री श्रेष्ठले आफ्नो अन्यत्र बैठक रहेकाले जान अनुमति माग्दा सभापति थापाले मन्त्री र सांसदहरुको समय मिलाउन आफूलाई हम्मेहम्मे पर्ने गरेको दुःखेसो गरे ।

'म यो विधेयक छिटो पारित गरेर विद्यालय शिक्षासम्बन्धी विधेयकमा छलफलमा जाऔँ भन्ने सोचेको हो तर सोचे जस्तो भइरहेको छैन ।' सभापति थापाले भने, 'समयप्रति सबैले उत्तिकै चासो र गम्भीरता देखाउन आवश्यक छ ।' समितिको बिहीबारको बैठकमा उक्त प्रस्तावित विश्वविद्यालयका लागि कुलपति प्रधानमन्त्री राख्ने नराख्ने, उपकुलपतिका अधिकार कसरी व्यवस्थित गर्ने भन्ने लगायत विवाद भएको थियो । उक्त विवादलाई आपसी छलफल गरेर सहमतिको खाका पेस गर्न समितिले सदस्य विद्या भट्टराईलाई जिम्मेवारी दिएको छ । राष्ट्रियसभाबाट पारित सो विधेयकको दफा २८ सम्म छलफल भएको छ । रासस

# आईटी क्षेत्रमा प्रचुर सम्भावनाः मन्त्री



**काठमाडौँ ।**
अर्थमन्त्री वर्षमान पुनले सूचना प्रविधि (आईटी) क्षेत्रमा नेपालले क्षेत्रीय बजारमा प्रतिस्पर्धा गर्न सक्ने सम्भावना रहेको बताएका छन् । अखिल नेपाल ट्रेड युनियन महासंघले बिहीबार राजधानीमा गरेको कार्यक्रममा मन्त्री पुनले दुई उदयमान छिमेकी भारत र चीनसँग प्रतिस्पर्धा गर्न सक्ने क्षेत्र आईटी भएको बताए । आईटीमा प्रचुर सम्भावना देखेरै आगामी आर्थिक वर्षको बजेट मार्फत सरकारले आईटी क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको जनाए । भू–परिवेष्ठित अवस्थितिमा रहेको नेपालले सामुन्द्रिक पहुँच प्रयोग गरेर विश्व बजारमा आफ्ना उत्पादन लैजान चुनौतीपूर्ण रहेको चर्चा गर्दै उनले आईटी उपयुक्त विकल्प भएको उल्लेख गरे ।
गत आर्थिक वर्षमा ६७ अर्बको आईटी सेवा निर्यात भएको र चालु आर्थिक वर्षमा उक्त रकम १ खर्ब रुपैयाँ नाघ्ने उनको भनाइ थियो । 'हामीले आफ्नो मौलिकता, अवस्थिति, उत्पादन शक्ति र उत्पादन सम्बन्ध आदिलाई सही ढंगले पहिचान गरेर विकासका मोडल निर्माण गर्नुपर्छ । विशाल जनसंख्या र भूगोल भएको भारत र चीनको बीचमा भएकाले कुन क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्छौं त्यो हेर्नुपर्नेछ,' उनले भने, 'भारत र चीनलाई विश्वभरिको उत्पादनको हब वा पावर हाउस भनिन्छ । संसारभरको सप्लाई चेन कि चीन कि भारतमा आएर ठोकिन्छ । किन भने सबै त्यहाँ उत्पादन हुछ, संसारभरि वितरण हुन्छ । उनीहरूसँग प्रतिस्पर्धा गर्नुपर्नेछ । आफ्नो अवस्थितिअनुसार हामी सूचना प्रविधि क्षेत्रमा दुवै छिमेकीसँग प्रतिस्पर्धा गर्न सक्छौं ।'
प्रतिस्पर्धी बजार देखेरै आफूले बजेटमा आईटी क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको मन्त्री पुनले बताए । 'विगत केही वर्षको तथ्यांक हेर्दा आईटी, पर्यटन, जलविद्युत्, कृषि र सिमेन्टजस्ता खानीजन्य उद्योगमा प्रतिस्पर्धा गर्न सक्छौं भन्ने देखिएको छ,' उनले भने, 'हामी यी क्षेत्रमामार्फत रोजगारी सिर्जना गर्न र तीव्र आर्थिक विकास गर्न सक्छौं । त्यसैले ती क्षेत्रलाई बजेटमार्फत सरकारले प्राथमिकतामा राखेको छ ।' पूँजी, निजी र सहकारी गरी तीन खम्बे अर्थ नीतिको परिकल्पना संविधानले गरेको चर्चा गर्दै उनले आर्थिक नीति र मुलुकको विकासबारे प्रमुख राजनीतिक दलहरूबीच समान धारणा बनाएर अघि बढ्न जरुरी रहेको औंल्याए । 'हाम्रो संविधानले तीन खम्बे अर्थ नीतिको कुरा गरेको छ । त्यो भनेको राजकीय पूँजी, निजी पूँजी र सहकारीलाई सँगसँगै हिँडाउने हाम्रो प्रतिबद्धता मात्र होइन, संविधानको दिशानिर्देश पनि हो,' मन्त्री पुनले भने, 'सामान्य निरन्तरताले मात्र पुग्दैन । नयाँ चरणको आर्थिक सुधार गर्नुपर्छ भनेर बजेटमै भनेका छौं ।' सरकारले सार्वजनिक, निजी र सहकारीको संयोजनबाट अर्थतन्त्रमा आमूल परिवर्तन र तीव्र गतिमा विकास गर्न विज्ञ सम्मिलित समिति वा आयोग बनाउने तयारी गरेको उनको भनाइ थियो ।

# 'बजेटमा राखिएका सुझाव सम्बोधन भएनन'



**काठमाडौँ ।**
राष्ट्रियसभाका सदस्यहरुले बजेटपछिको विनियोजन विधेयकमाथि भएको छलफलमा दुबै सदनका सांसदले दिएको सुझावलाई सामावेश नगरिएको भन्दै आपत्ति जनाएका छन् । बिहीबार बसेको राष्ट्रियसभाको दोस्रो बैठकमा अर्थमन्त्री वर्षमान पुनद्वारा प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त 'विनियोजन विधेयक, २०८१ माथि बिचार गरियोस' भन्ने प्रस्तावको छलफलको क्रममा उनीहरुले गुनासो गरेका हुन् । राष्ट्रियसभा सदस्य देवेन्द्र दाहालले नेपाल सरकारले प्रतिनिधिसभामा प्रस्तुत गरेको र प्रतिनिधिसभाबाट सन्देशसहित आएको विनियोजन विधेयकमा अर्थ मन्त्रालयले सिधैँ रकम रकामन्तरण गर्ने प्रावधान रहेकाले यसलाई मन्त्रिपरिषद्ले रकमान्तरण गनुपर्ने सुझाव दिए । सांसद उर्मिला अर्यालले विनियोजन विधेयकमा बजेट कार्यन्वयनका लागि सहजीकरण गर्न वियेध आएको उल्लेख गर्दै खर्च व्यवस्थित गर्न आएको विधेयक आवश्यक र सान्दर्भिक रहेको बताइन् ।
राष्ट्रियसभा सदस्य भगवती न्यौपानेले बजेटको विषयमा दुबै सदनमा छलफल गर्ने र पास हुने भएकाले सांसदले जनताको भावना बुझेर विचार राखे पनि त्यो छलफलमा नसमेटिएको बताइन् । 'संसद्प्रति जनताको विश्वास बढेको छैन, यो प्रक्रिया बदल्नुपर्छ, सांसदको सुझाव समेट्नु पर्छ' उनले भने, 'कति सांसदले बजेट अघि प्रस्ताव गर्नुभएको योजना पर्छ उहाँहरु खुसी हुनुहुन्छ तर कतिपय सांसदले प्रस्ताव गर्नुभएको योजना पास हुँदै निराश हुनुहुन्छ, प्रथामिकताको आधारमा बजेट विनियोजन हुनुपर्छ ।' राष्ट्रियसभा सदस्य मायाप्रसाद शर्माले आयोजना कार्यान्वयनका लागि स्रोत परिचालनको आधार रहेको भन्दै कार्यान्वयन गर्ने पक्षमा विशेष ध्यान दिन आवश्यक रहेको बताए ।
राष्ट्रियसभा सदस्य श्रीकृष्णप्रसाद अधिकारीले अर्थतन्त्रका सम्भावना र चुनौतीकाबीच आएको विनियोजन विधेयकको समर्थन गरेका छन् । राष्ट्रियसभा सदस्य गोपाल भट्टराईले छलफलमा उठेका विषयमा संशोधन गर्नुहुन्न भन्ने चलन अन्त्य हुनुपर्ने बताए ।
राष्ट्रियसभा सदस्य विष्णुकुमारी सापकोटाले पनि विनियोजन विधेयकमा सांसदले दिएको सुझाव समावेश नहुने गरेको भन्दै आपत्ति जनाइन् । राष्ट्रियसभा सदस्य तुलप्रसाद विश्वकर्माले सेवा प्रदायकलाई सहज बनाउन आएको विधेयकमा टिप्पणी गर्दै बजेट विनियोजन गर्ने क्रममा सन्तुलित रुपमा बजेट विनियोजन हुन नसकेको बताए । राष्ट्रियसभा सदस्य राजेन्द्रलक्ष्मी गैरेले सन्तुलित रुपमा बजेट विनियोजन भएको भन्दै विधेयकको स्वागत गरिन् । रासस

# भारतमा विषाक्त मदिराबाट मर्नेको संख्या ६३ पुग्यो

**एएफपी**
**बेङ्गलोर ।**
गत हप्ता दक्षिणी भारतको एउटा सहर स्तब्ध पारेको अवैध मदिराको सेवनका कारण मर्नेको संख्या ६३ पुगेको प्रहरीले बिहीबार जनाएको छ । भारतमा ब्याकस्ट्रिट डिस्टिलरीमा बनेको सस्तो रक्सीबाट हरेक वर्ष सयौं मानिसको मृत्यु हुन्छ, भने तमिलनाडु राज्यको यो घटना हालका वर्षहरुमा सबैभन्दा घातकमध्ये एक हो । तामिलनाडु राज्यको कल्लाकुरिची जिल्लामा मेथानोलले भरिएको स्थानीय स्थरमा बनेको मदिरा पिएकामध्ये केही व्यक्तिले आँखा निकै कमजोर भएको बताएका छन् । यस घटनामा मृत्यु हुने व्यक्तिको पुष्टि गर्दै जिल्ला प्रहरी प्रमुख रजत चतुर्वेदीले घातक मदिरा पिएका १०० भन्दा बढी व्यक्तिलाई सुरुमा अस्पताल लगिएको जनाकारी दिए । तमिलनाडुका राजनीतिक दलसँग सम्बद्ध सांसदहरूले मदिराका कारण धेरै व्यक्तिको मदिरा सेवन गरेका कारण मृत्यु भएको भन्दै बुधबार मुख्यमन्त्रीको राजिनामा माग गर्दै विरोध प्रदर्शन गरेपछि राज्यसभा (विधायिका) बाट निष्कासित भएका छन् । कल्लाकुरिची जिल्लाका गरिब मजदुरहरूले नियमित रूपमा प्लास्टिकको झोलामा ६० रुपैयाँ लागतको रक्सी किनी काम गर्नु अघि पिउँथे । उनीहरूले पिउने स्थानीय उत्पादनको यो ब्याच विनाशकारी सावित भएको छ । तमिलनाडु सुख्खा राज्य नभएता पनि कालो बजारमा कारोबार हुने रक्सी कानुनी रूपमा बेचिने रक्सीभन्दा कम मूल्यमा आउँछ । भारतका अन्य धेरै भागहरूमा रक्सी बेच्न र सेवन गर्न निषेध गरिएको छ, जसले शक्तिशाली र कहिलेकाहीँ घातक मुनशाइनका लागि फस्टाउने कालो बजारलाई थप चलाउँछ । यसको शक्ति बढाउन, रक्सीमा प्रायः मेथनोल मिसाइन्छ, जसले अन्धोपन, कलेजोको क्षति र मृत्यु निम्त्याउन सक्छ । गत वर्ष पूर्वी भारतीय राज्य बिहारमा विषाक्त मदिरा सेवन गर्दा कम्तीमा २७ जनाको मृत्यु भएको थियो भने सन् २०२२ मा गुजरातमा कम्तीमा ४२ जनाको मृत्यु भएको थियो ।

# नेप्से परिसूचक आरालो

**काठमाडौँ ।**
पुँजीबजारमा पछिल्लो तीन दिनको कारोबारमा नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक लगातार घटेको छ । गत मङ्गलबार र बुधबार लगातार ओरालो देखिएको नेप्से परिसूचकले बिहीबार पनि निरन्तरता पाएको हो । यो साताको कारोबारको अन्तिम दिन बिहीबार नेप्से परिसूचक आठ दशमलव २४ अङ्कले घटेर दुई हजार ५१ दशमलव ९२ को विन्दुमा कायम भएको हो ।
बिहीबार तीन सय ३३ कम्पनीको ८९ लाख एक हजार एक सय ९५ कित्ता शेयर ५० हजार दुई सय ८१ पटक खरिदबिक्री हुँदा कारोबार रकम तीन अर्ब ७१ करोड ५९ लाख तीन हजार आठ सय २४ रुपैयाँमा खुम्चिएको छ । बिहीबारको कारोबारपछि कुल बजार पुँजीकरण ३२ खर्ब ५३ अर्ब ७४ करोड ४७ लाख ७० हजार रुपैयाँ बराबर कायम भएको छ ।
बैकिङ, म्युचुअल र अन्य समूहको उपसूचक सामान्य बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै वित्त समूह दुई दशमलव २३ र व्यापार समूह एक दशमलव ३९ प्रतिशतले घटेको छ । विकास बैंक शून्य दशमलव ४३, होटल तथा पर्यटन शून्य दशमलव ५१, जलविद्युत् शून्य दशमलव ४५, लगानी शून्य दशमलव २०, जीवन बीमा शून्य दशमलव ९९, उत्पादन तथा प्रशोधन एक दशमलव १७, लघुवित्त शून्य दशमलव ९५ र निर्जीवन समूह शून्य दशमलव ६६ प्रतिशतले घटेको छ । त्रिशुली जलविद्युत् कम्पनी लिमिटेडको शेयर मूल्य बिहीबार सबैभन्दा धेरै सात दशमलव ०९ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने नेपाल फाइनान्स लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।
कारोबार रकमका आधारमा बिहीबार सबैभन्दा धेरै नेपाल फाईनान्स लिमिटेडको २२ अर्ब ७६ करोड ४१ लाख आठ सय नौ रुपैयाँ बराबरको शेयर कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको चार लाख दुई हजार चार सय ९९ कित्ता शेयर किनबेच भएको छ । रासस



# टी–२० विश्वकपः दक्षिण अफ्रिका पहिलो पटक फाइनलमा

**मधेशदृष्टि**
**वीरगंज ।**
दक्षिण अफ्रिका टी–२० विश्वकप क्रिकेटको फाइनलमा प्रवेश गरेको छ । अफगानिस्तानलाई नौ विकेटले हराउँदै दक्षिण अफ्रिका पहिलो पटक फाइनलमा प्रवेश गरेको हो । अफगानिस्ताले दिएको ५७ रनको सामान्य लक्ष्य पछ्याएको दक्षिण अफ्रिकाले आठ ओभर पाँच बलमा एक विकेट मात्र गुमाएर भेट्टायो । उसका लागि रीजा हेन्ड्रिक्स र एडन मारक्रमले अविजितीय पारी खेल्दै टिमलाई जीत दिलाए । हेन्ड्रिक्सले २९ र मारक्रमले २३ रन बनाए । अफगानिस्तानका लागि फजलहक फारुकीले एक विकेट लिए ।




यसअघि त्रिनिदादको ब्रायन लारा स्टेडियममा टस जितेर ब्याटिङ गरेको अफगानिस्तान ११ ओभर पाँच बलमा ५६ रनमा अलआउट भयो । उसका लागि अजमातुल्लाह उमरजाईले १० रन बनाउनबाहेक अन्य ब्याटरले दोहोरो अङ्कको रन बनाउन सकेनन् । अक्षिण अफ्रिकाका लागि मार्को जेन्सेन र तबरेज शम्सीले समान तीन विकेट लिए । यस्तै कागिसो रबाडा र एन्ड्रिच नटराजले समान दुई विकेट लिए । दक्षिण अफ्रिका सुपर–आठको समूह 'दुई' बाट शीर्ष स्थानमा रहँदै अन्तिम चारमा पुगेको हो । दक्षिण अफ्रिकाले सुपर–आठको पहिलो खेलमा अमेरिकालाई १८ रन, दोस्रो खेलमा इङ्गल्यान्डलाई सात रन र तेस्रो खेलमा वेस्ट इन्डिजलाई 'डीएलएस' अर्थात् डकवर्थ लुइस नियमका आधारमा तीन विकेटले हराएको थियो ।
यस्तै अफगानिस्तान सुपर–आठको समूह 'एक' बाट दोस्रो स्थानमा अन्तिम चारमा पुगेको हो । अफगानिस्तान सुपर–आठको पहिलो खेलमा भारतसँग ४७ रनले पराजित भएको थियो भने दोस्रो खेलमा अस्ट्रेलियालाई २१ रन र तेस्रो खेलमा बङ्गलादेशलाई डीएलएस नियमका आधारमा आठ रनले हराएको थियो । अफगानिस्तान पहिलो पटक टी–२० विश्वकप क्रिकेटको सेमिफाइनलमा पुगेको हो ।

# भारतको धार्मिक स्वतन्त्रताको अवस्थाप्रति अमेरिकी आयोगको चासो

**एएनआई**
**वासिङ्टन डीसी ।**
भारतले विगतमा कडा आलोचना गरेको संस्था अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रता सम्बन्धी अमेरिकी आयोग (युएससीआईआरएफ) ले घृणापूर्ण भाषण, विध्वंस र धर्मान्तरण विरोधी कानुनमा भएको कथित वृद्धिलाई उद्धृत गर्दै भारतको धार्मिक स्वतन्त्रताप्रति चासो व्यक्त गरेको छ । आयोगले विश्वभरका धार्मिक स्वतन्त्रताको वार्षिक सर्वेक्षण प्रतिवेदन तयार गर्दछ र लगभग २०० देश र क्षेत्रहरूमा तथ्य–आधारित धार्मिक स्वतन्त्रताको अवस्थाबारे जानकारी प्रदान गर्ने लक्ष्य राख्छ ।
प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो तेस्रो कार्यकाल शुरु गरेको केही हप्तापछि आयोगले यो भनाई सार्वजनिक गरेको हो । यसअघि मे महिनामा,सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) लाई भेदभावपूर्ण राष्ट्रवादी नीतिहरूलाई बलियो बनाएको आरोप लगाएको भन्दै युएससीआईआरएफको यस्तै प्रतिवेदनलाई भारतले अस्वीकार गरेको थियो । 'युएससीआईआरएफ राजनीतिक एजेन्डा भएको पक्षपाती सङ्गठनका रूपमा चिनिन्छ । उनीहरूले वार्षिक प्रतिवेदनको भागको रूपमा भारतको भेषमा आफ्नो प्रचार जारी राख्छन्', भारतीय विदेश मन्त्रालयका आधिकारिक प्रवक्ता रणधीर जयस्वालले पत्रकार सम्मेलनमा भने । 'भारतमा हामीले धर्मान्तरण विरोधी कानुन, घृणापूर्ण भाषण, अल्पसंख्यक धार्मिक समुदायका सदस्यहरूका लागि चिन्ताजनक अवस्था देख्यौं' अमेरिकी विदेशमन्त्री एन्थोनी ब्लिन्केनले सोमबार वासिङ्टनमा एक कार्यक्रममा भने ।
अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रताका लागि अमेरिकी राजदूत रसद हुसेनले पनि भारतको अवस्थाबारे चिन्ता व्यक्त गरेका छन् । 'भारतमा इसाई समुदायहरूले स्थानीय प्रहरीले धर्मान्तरण गतिविधिको आरोपमा पूजाआजा अवरुद्ध गर्ने समुदायलाई सहयोग गरेको र आक्रमण गर्दा धर्मान्तरणको आरोपमा पीडितहरूलाई पक्राउ गरेको विवरण आउनु चिन्ताजनक बिषय हो' राजदूत हुसेनले भने । युएससीआईआरएफले सन् २०२३ मा मुस्लिम, इसाई, शिख, दलित, यहुदी र आदिवासीलाई असर गर्ने साम्प्रदायिक हिंसालाई सम्बोधन गर्न भारत सरकार चुकेको आरोप लगाएको थियो ।
प्रतिवेदनको विस्तृत खण्डमा कथित भारतमा धार्मिक अल्पसंख्यकविरुद्ध लक्षित आक्रमण पनि उल्लेख गरिएको छ । प्रतिवेदनले भारतको धार्मिक स्वतन्त्रताको अवस्थामा धेरै चिन्ता व्यक्त गरेको छ । यसले धेरै राज्यहरूमा धार्मिक रूपान्तरण कानुनी रूपमा निषेधित गरिएको, धार्मिक अल्पसंख्यकहरूलाई नियमित रूपमा आक्रमण गरिने र मुस्लिमहरूले प्रणालीगत भेदभावको सामना गर्नुपरेको आरोप लगाएको छ ।



# मुग्लिन–पोखरा सडक विस्तारः ५३ किलोमिटर कालोपत्र पूरा



**तनहुँ ।**
मुग्लिन–पोखरा सडकअन्तर्गत ५३ किलोमिटर खण्ड कालोपत्र भएको छ । असी किलोमिटर लामो उक्त सडकको पूर्वी ३३ र पश्चिमी खण्डमा २० किलोमिटर कालोपत्र गरिएको हो । मुग्लिन–पोखरा सडक विस्तार आयोजना कार्यालयका अनुसार बाँकी भागमा धमाधम काम भइरहेको छ । हालसम्म पूर्वी खण्डमा ६२ र पश्चिमीमा २८ प्रतिशत भौतिक प्रगति भएको छ । असारदेखि असोजसम्म 'मनसुन' सक्रिय हुने भएकाले हाललाई कालोपत्र गर्न छाडेर पानी निकासका निम्ति नाला, 'रिटेनिङ वाल, कल्भर्ट'लगायत संरचना निर्माण द्रुत गतिमा भइरहेको आयोजना कार्यालय, पश्चिमका इन्जिनियर नारायण पौडेलले बताए । पूर्वी खण्डमा निर्माणधीन ठूला तीन पुलमध्ये डुम्रे बजार नजिकको पुल बनिसकेको छ भने आँबुखैरेनी र दमौली नजिकको अन्तिम चरणमा पुगेको छ । तनहुँको मादी नदीमा 'आर्क डिजाइन'को पुल निर्माणाधीन छ । हालसम्म उक्त पुलको ३० प्रतिशत काम पूरा भएको इन्जिनियर पाण्डेले बताए । एसियाली विकास बैंक (एडिबी)को सहुलियतपूर्ण ऋण सहयोगमा पोखरादेखि मुग्लिनसम्मको दुई लेनको सडकलाई विस्तार गरी फराकिलो र स्तरीय बनाउन मुग्लिन–पोखरा सडक योजनामार्फत काम जारी छ । सडक विस्तारको कार्य शीघ्र सम्पन्न गर्ने उद्देश्यले दुई भागमा विभाजन गरेर काम थालिएको हो । चार लेनमा विस्तार गर्ने उक्त सडकको काम चिनियाँ कम्पनीले गरिरहेको छ । पोखराको पृथ्वीचोकस्थित सेती पुलदेखि तनहुँको जामुनेसम्मको ३९ किलोमिटर क्षेत्र पश्चिम खण्डमा पर्छ । यसैगरी जामुनेदेखि आँबुखैरेनीसम्मको ४३ किलोमिटर सडक पूर्वी खण्डमा पर्छ । पश्चिम खण्डको निर्माणका लागि सात अर्ब ४० करोड ४६ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको हो । पूर्वी खण्डको लागत छ अर्ब २१ करोड ३१ लाख १३ हजार रुपैयाँ हो । सम्झौताअनुसार आयोजनाको काम आगामी भदौभित्रमा सम्पन्न गर्नुपर्नेछ । रासस

## दिक्तेल–साप्सुखोला सडकमा श्रमदान

**खोटाङ ।**
दिक्तेल–साप्सुखोला सडकमा यातायातका साधन सञ्चालनमा समस्या भएपछि साकेला गाउँपालिकाका बासिन्दाले श्रमदान गरेका छन् । साकेलाका स्थानीयले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका–५ को लफ्याङ खण्डमा मर्मत गरेका हुन् ।
जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारबाट साप्सुखोला हुँदै साकेला गाउँपालिकाको मानेभञ्ज्याङ–पाँचधारे तथा दिप्रुङ चुइचुम्मा हुँदै तराईका जिल्ला जोड्ने सडकअन्तर्गत लफ्याङ क्षेत्रको केही भागमा वर्षायाममा समस्या भएपछि स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधि, राजनीतिक दलका स्थानीय प्रमुख तथा प्रतिनिधि, नेपाल प्रहरी, कर्मचारी, स्थानीय व्यवसायी र नागरिक समाजका एक सय ५ जनाभन्दा बढी सदस्यले श्रमदान गरेका हुन् । दिक्तेल–साप्सुखोला दश किलोमिटर सडकलाई असार अगावै मर्मत गरेर नियमित रूपमा यातायातका साधन सञ्चालन हुने वातावरण तयार गर्ने दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका उपप्रमुख विशन राईले प्रतिबद्धता जनाएका छन् । यसैबीच, दिक्तेलस्थित अस्पतालचोक–लफ्याङको दुबेचिवा (तीन किलोमिटर) र दुबेचिवा–साप्सुखोला (चार किलोमिटर) सडक स्तरोन्नतिको काम पूरा नहुँदै सडक विभागले योजना कटौती गरेको छ । रासस

# सहज बन्दै बेनीका सडक



**म्याग्दी ।**
बेनी नगरपालिका–९ जम्रेनीका डण्डपानी सुवेदीले कच्ची सडकको सकसपूर्ण यात्रा अझै भुलेका छैनन् । 'घर अगाडिको बेनी–पाखापानी सडक हुँदै बेनी आउन, काम गर्न र फर्कन करिब दुई घण्टा पैदलयात्रा गर्नु पर्दथ्यो ।
हिजोआज जम्रेनीबाट १० मिनेटमै बेनी पुगिन्छ', उनले भने, 'विसं २०५८ तिर खनेको सडकमा २०६५ देखि गाडी चल्न थालेका थिए । गाडी चढेर अर्थुङ्गेको बाटो घुमेर भन्दा छिटो हिँडेर बेनी पुगिने भएकाले पैदलयात्रा गर्दथ्यौँ ।' बेनी–पाखापानी सडकको बेनीदेखि अर्थुङ्गे हुँदै जम्रेनी सम्मको सडक स्तरोन्नतिपछि भए पैदल हिँड्न छाडेर गाडीमा यात्रा गर्न थालेको सुवेदीले बताए । जम्रेनीका दण्डपानी जस्तै बेनी नगरपालिकाको ग्रामीण क्षेत्रका सडक स्तरोन्नति हुन थालेपछि सहज यातायात सेवामा नागरिकको पहुँच बढेको छ । मार्ग मात्र खुलेका सडकको ग्रेड र घुम्ती मिलेका थिएनन् । सडक साँघुरा थिए । यात्राका क्रममा जोखिम र सास्ती दुवै थियो । त्यसकारण बेनी बजार आसपासका बासिन्दा सवारी साधनको प्रयोग कमै गर्दथे । हिउँदमा धुलाम्मे र बर्खामा हिलाम्मे हुने यहाँको सडकको समस्या थियो ।
स्थानीय तह, प्रदेश र सङ्घीय सरकारको लगानीमा सडक ढलान, कालोपत्र, सोलिङ र ग्राभेल हुन थालेपछि कृषि उपज निकासी, आवतजावत, निर्माण र दैनिक उपभोग्य सामग्री ढुवानी गर्न सहज भएको हो । सडक यातायातको सुविधाका कारण बेनी नगरपालिको भकिम्लीको राखु, मरेक, बास्कुना, थामडाँडाका किसानले उत्पादन गरेको सुन्तलाले बजार पाएको छ । गत याममा सिङ्गाको बास्कुना, सुर्केमेला र थामडाँडाबाट एक करोड पाँच लाख रुपैयाँ र राखु मरेकबाट एक करोड ५० लाख मूल्य बराबरको सुन्तला निकासी भएको किसान रहका बेनी नगरपालिका–४ का वडा सदस्य सन्दिप खत्रीले बताए । सिङ्गा र बास्कुनाबाट दैनिक पाँच सय लिटरका दरले बेनीमा दूध निकासी हुने गर्छ । सडक स्तरोन्नति हुन थालेपछि यात्राअवधि छोटिएको, आवतजावत गर्न सहज भएको र ग्रामीण क्षेत्रमा सम्भावना, अवसर सिर्जना भएको बेनी नगरपालिका–४ सिङ्गा तातोपानीका लोकनाथ आचार्यले बताए ।
बेनी नगरपालिकाले यसवर्ष उपल्लो तातोपानी बजारसहित ६ वटा सडक स्तरोन्नतिका लागि ठेक्कामार्फत योजना कार्यान्वन गरेको छ । बेनी बजारमा उपभोक्ता समितिमार्फत सडक कालोपत्र भएको छ । तीन वटा योजना योजना सम्पन्न भइसकेका र तीन वटा निर्माणको अन्तिम चरणमा रहेको बेनी नगरपालिकाका इञ्जिनीयर सुदिप गौतमले जानकारी दिए । यी आयोजनाबाट दुई किलोमिटर भन्दा बढी सडक कालोपत्र र ढलान हुने इञ्जिनीयर गौतमले बताए । उपभोक्ता समितिमार्फत सञ्चालित ६० वटा सडक योजनाका लागि बेनी नगरपालिकाले चालु आर्थिक वर्षमा दुई करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो । पाँच करोड रुपैयाँ बजेट विनियोजन भएको ६ वटा ठेक्कामार्फत कार्यान्वयन भएका सडक योजनाको निर्माण कम्पनीसँग तीन करोड ३६ लाख रुपैयाँमा सम्झौता भएको थियो । बेनी नगरपालिकाका प्रमुख सुरत केसीले वडाका मुख्य बस्ती जोड्ने सडकमा बाह्रैमहिना नियमित यातायात सञ्चालन हुने बनाउने र बजार क्षेत्रका सडक कालोपत्र गर्ने योजनालाई प्राथमिकता दिएको बताए ।
'राष्ट्रिय राजमार्ग र प्रदेश सरकारले काम गरिरहेको बाहेकका सडकलाई नगरपालिकाले स्तरोन्नतिमा जोड दिएको छ', उनले भने, 'नगरपालिकाको प्राथमिकता प्राप्त बेनी–पाखापानी सडक आयोजना अन्तर्गत बेनीदेखि अर्थुंगे हुँदै जम्रेनीसम्म यसैवर्षभित्र कालोपत्र र ढलान गर्ने लक्ष्यका साथ काम भइरहेको छ ।' योजनाको गुणस्तर कायम गर्न नियमित अनुगमन गरी प्रभावकारी बनाउनेतर्फ जोड दिएको नगरपालिकाका उपप्रमुख ज्योति लामिछानेले बताइन् । 'नगरपालिकाबाट नियमित अनगुमन गर्छौँ, हरेक वडमा प्राविधिक जनशक्ति व्यवस्थापन गरेका छौँ', उनले भनिन्, 'उपभोक्ता र निर्माण व्यवसायीमार्फत कार्यान्वयन हुने सबै योजनालाई गुणस्तरीय बनाउने कार्यमा हामी प्रयासरत छौँ ।' साना योजनालाई उपभोक्ता समिति र ठूला योजनालाई ठेक्कामार्फत कार्यान्वयन गरिएको प्रमुख प्रशासकीय अधिकृत नेत्रप्रसाद पौडेलले बताए । नगरपालिकाले पाँच लाखभन्दा माथिका योजनालाई नगरपालिकाबाट र अन्य योजनालाई वडाबाटै सम्झौता र कार्यान्वयन गरेको छ । बेनी नगरपालिकाको ६, ९, १० हुँदै रघुगङ्गा गाउँपालिकाको ५, ६ र ८ नम्बर वडालाई जिल्ला सदरमुकाम बेनी बजारसँग जोड्ने बेनी–पाखापानी सडक स्तरोन्नति गर्ने योजनालाई बेनी नगरपालिकाले प्राथमिकताका साथ निरन्तरता दिएको छ ।
सङ्घीय सरकार अन्तर्गत सडक डिभिजन कार्यालय बागलुङमार्फत बेनी नगरपालिका–१ रत्नेचौरको उपल्लाचौरदेखि अर्जम, वडा नं २ को ज्यामरुककोट, स्यानालेक, तोराखेत हुँदै वडा नं ३ भकिम्ली जोड्ने सडक स्तरोन्नतिको चरणमा छ । राष्ट्रिय गौरवको कालीगण्डकी कोरिडोर, बेनी–जोमसोम–कोरला सडक आयोजनाले बेनी नगरपालिका ८ कालिपुलको सडक अक्सफाल्ट प्रविधिको कालोपत्र गर्न एक करोड रुपैयाँ बजेट विनियोजन गरेर ठेक्का आह्वान गरेको छ । म्याग्दी प्रवेश गर्ने कालीगण्डकी मोटरेबल पुलदेखि पर्वत बगरफाँट जोड्ने बेलिब्रिजसम्मको सडक कालोपत्र गर्न लागिएको आयोजना प्रमुख धुरवकुमार झाले बताए ।
बेनी–जोमसोम–कोरला सडकअन्तर्गत बेनी नगरपालिका–८ कालीपुलबाट वडा नं ९ गलेश्वर जोड्ने दुई किलोमिटर १०२ मिटर बेनी–गलेश्वर खण्डमा गत पुस महिनामा डिबिएसडी प्रविधिको कालोपत्र गरिएको थियो । बेनी नगरपालिकामा गण्डकी प्रदेश सरकारमार्फत यस वर्ष दुई वटा ठूला सडक आयोजना कार्यान्वयन थालिएको छ । १० करोड रुपैयाँको लागतमा बेनी–पाखापानी सडकको भुतेदैला–नेट्टेचौर–तोरीपानी र पाँच करोड ५९ लाख रुपैयाँको लागतमा बेनी–भकिम्ली सडकको बगरफाँट–दुधेखोला–हल्लेगौँडा क्षेत्रमा स्तरोन्नति गर्ने आयोजना सुरु भएको हो ।
गण्डकी प्रदेश सरकारले पूर्वाधार विकास कार्यालय म्याग्दीमार्फत कार्यान्वयन हुने गरी १२ वटा योजनालाई चार करोड १० लाख रुपैयाँ विनियोजन भएको थियो । अधिकांश योजना निर्माण सकिएका र केही सम्पन्न हुने चरणमा रहेका पूर्वाधार विकास कार्यालयले जनाएको छ । नगरपाकिलाका ग्रामीण सडक स्तरोन्नति हुने क्रमसँगै सहज र सर्वसुलभ यातायात सेवाका लागि नगर बस सञ्चालन गर्नुपर्ने नगरवासीको माग छ । बेनी नगरपालिका–६ बाँसबोटकी लक्ष्मी पौडेलले ग्रामीण सडकमा चल्ने जीपको तुलनामा सस्तो भाडादर हुने बस सञ्चालन गर्न नगरपालिकाले अगुवाइ र पहल गर्नुपर्ने बताए । नगरक्षेत्रमा अटोरिक्सा सञ्चालन हुन थालेपछि यात्रुलाई सहज भएको छ । यसैगरी स्तरोन्नति भएका सडकमा चल्ने सवारी साधनको भाडादर पनि समायोजन गर्नुपर्ने उनले बताए । रासस

# धवलागिरि आइसफल पदमार्ग निर्माणमा तीव्रता

**बेनी ।**
सोलुखुम्बुका खड्क बस्नेत दुई महिनादेखि धवलागिरि हिमालको फेदी नजीकको जङ्गलमा बास बस्छन् । म्याग्दीको रघुगङ्गा गाउँपालिका–७ चिमखोलाको कछुवा ओढार क्षेत्रमा पदमार्ग बनाउन बस्नेतसहित करिब ३० जनाको टोली दुई महिनादेखि जङ्गलमै बास बस्दै आएका हुन् । म्याग्दी र मुस्ताङलाई पदमार्गले जोड्ने धवलागिरि आइसफल ट्रेकमा दुई वर्षदेखि पदमार्ग निर्माण भइरहेको छ । पर्यटन विभागसँग दुईवटा प्याकेजमा ठेक्का सम्झौता गरेको कल्पवृक्ष विल्डर्सले आइसफल पदमार्ग बनाउन थालेको हो । गत वर्षदेखि पदमार्ग बनाउने काम गरेको कम्पनीले प्रतिकूल मौसम र बाढी, पहिरोका कारण योजनालाई सम्पन्न गर्न दुई वर्ष लागेको जनाएको छ । बस्तीदेखि टाढा र हिमालको नजिकका भूभागमा पदमार्ग बनाउन मजदुर र व्यवस्थापकहरू वनजङ्गलमै त्रिपाल टाँगेर बास बस्ने गरेका छन् । हिमालको फेदी नजिकै बाटो बनाउनुपर्ने भएकाले जङ्गलमै बसेर काम गर्नुपरेको बस्नेतले बताए ।
आर्थिक वर्ष २०७९÷८० मा पर्यटन मन्त्रालयबाट विनियोजन भएको बजेटबाट सुरु भएको आइसफल पदमार्ग निर्माण योजनाअन्तर्गत अहिले सिँढी चिनेर पदमार्ग बनाउने कामले गति पाएको छ । निर्माण कम्पनीका सञ्चालक रामेश्वर पुडासैनीले दुई वटा प्याकेजमा कुल एक करोड ५४ लाख रुपैयाँ बजेटबाट ठेक्का सम्झौता गरेको र अहिलेसम्म आठ किलोमिटर बढी पदमार्ग निर्माण भइसकेको जानकारी दिए ।
'यो वर्षमात्रै तीन किलोमिटर बढी पदमार्ग बनाएका छौँ, असारभित्रमा योजनालाई सम्पन्न गर्ने गरी काम भैरहेको छ, अक्करे भिरबाहेक अन्य ठाउँको पदमार्ग बनाएर सक्ने हाम्रो लक्ष्य हो, विष्फोटक पदार्थको प्रयोग गर्नुपर्ने अवस्था बाहेकका अन्य सबै अप्ठेरो ठाउँमा सहज रूपमा आवतजावत गर्न सक्ने गरी काम गरिरहेका छौँ', उनले भने ।
यसवर्ष छिस, कछुवा ओढार हुँदै धवलागिरि भ्यू प्वाइन्ट हिलसम्मको नदी किनार र घना जङ्गलमा व्यवस्थित पदमार्ग बनाउने काम भइरहेको छ । पदमार्ग बनाउन सोलुखुम्बु, उदयपुर, पाल्पा, नुवाकोट, रसुवालगायतका जिल्लाबाट मजदुरहरू यहाँ आएका छन् । दुई समूहमा बाँडिएर झाँडी फाँडेर पदमार्ग बनाउने गरेको फुर्वा तामाङले बताए । जङ्गल, भिर पहाड र खोला किनारमा दुई मिटर फराकिलो सिँढी चिनेको पदमार्ग निर्माण हुन थालेपछि पर्यटकहरूलाई धवलागिरि आइसफल आधार शिविर पुग्न सहज हुन थालेको छ । परम्परागत गोरेटो बाटोमा सिँढी चिनेपछि पदमार्ग चिटिक्क भएको छ । उच्च हिमाली क्षेत्र भएकाले चिसो अत्यधिक हुने र हिमपात तथा वर्षाको प्रतिकुलताका बीच पदमार्ग बनाउने कामलाई तीब्रता दिएको कार्यक्षेत्रमा खटिएका निर्माण कम्पनीका प्रतिनिधि लाक्पा लामाले बताए । रघुगङ्गा



गाउँपालिका–७ चिमखोलाको ससलधाराक्षेत्रबाट गत बर्षदेखि पदमार्ग निर्माण थालिएको थियो । यस पदमार्गअन्तर्गत कोखेभिर र धवलागिरि भ्यू पोइन्ट हिलको अक्करे पहाडमा पदमार्ग छिचोल्न बाँकी छ । यसअघि चिमखोलाका स्थानीयले कोखे भिरमा पहाड काटेर पदमार्ग बनाउने प्रयास गरे पनि कडा चट्टानको कारण भिरमा अझै ५० मिटर बढी पहाड काट्न काट्न बाँकी रहेको छ । धवलागिरि भ्यू हिलको भिर र खोँचमा पदमार्ग बनाउन कठिनाई भएपछि पर्यटन विभागले पुल बनाउने गरी अध्ययन गरिरहेको जनाएको छ । गत वर्ष ससलधारादेखि पदमार्ग बनाउन सुरु गरेकोमा यस वर्ष कालीबराह दोभान अघिदेखि काम भइरहेको छ । चिमखोलादेखि घ्यासीखर्क हुँदै आधार शिविर जाने बाटोमा कोखेभिर र धवलागिरि भ्यू पोइन्ट हिलको भिरबाहेक अन्य सबै ठाउँमा सुविधाजनक पदमार्ग निर्माण हुन लागेको वडा नं ७ अध्यक्ष थकप्रसाद पाइजाले जानकारी दिए । 'आइसफल पदमार्ग सहज बन्दै गएको छ, हामीले पदमार्गसँगै खोलाहरू पुल र ठाउँ–ठाउँमा आश्रयस्थल पनि बनाउनपर्छ भनेर पहल गरिरहेका छौँ, दुई ठाउँको भिरमा पदमार्ग छिचोलियो भने एक दिनमै सहजै आधार शिविर पुग्ने पूर्वाधार तयार हुन्छ' वडाध्यक्ष पाइजाले भनिन् । उनले पदमार्ग निर्माणसँगै कालीबराह खोला र रघुगङ्गा नदी समेतमा झोलुङ्गे पुलहरू बनाउन आवश्यक रहेको बताए । म्याग्दी र मुस्ताङलाई बैकल्पिक पदमार्गले जोड्ने गरी २०६८ सालमा पहिलोपटक सम्भाव्यत्ता अध्ययन गरिएको धवलागिरि आइसफल पदमार्गको पूर्वाधार विकास र प्रवद्र्धनका लागि रघुगङ्गा गाउँपालिकाले विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गरिसकेको छ । धौलागिरि हिमालको आधार शिविरलाई समेटिएको एक सय ८२ किलोमिटर लामो आइसफल पदमार्ग तयार गरी सङ्घीय र प्रदेश सरकारमार्फत पूर्वाधार बनाउन पहल थालिएको गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले जानकारी दिए । अहिले चिमखोलाको ससलधारा हुँदै आधार शिविर पुग्ने पदमार्ग निर्माण सुरु गरिए पनि आधार शिविरदेखि कालीबराह हुँदै मुस्ताङको लेते निस्कने परम्परागत गोरेटोबाटो र भगवतीको रुइसेदेखि पछेत्राधुरी, सोबाङधुरी, लोसधुरी, दहबुकी, फेदी, सुगुरथला हुँदै ससलधारा क्षेत्रसम्म पहिचान गरिएको पदमार्गमा समेत सिँढी चिनेर पदमार्गलाई स्तरोन्नति गर्नुपर्ने काम बाँकी रहेको छ ।
नेपाल सरकारले धवलागिरि आइसफल पदमार्गलाई नयाँ पर्यटकीय गन्तव्यको रुपमा छनोट गरेको एक दशक पुगिसकेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नयाँ तथा विकास गर्नुपर्ने पर्यटकीय गन्तव्यको रुपमा समेत रुइसे डाँडादेखि धवलागिरि आइसफलसम्मको पदमार्गलाई छनोट गरेको थियो । तर पूर्वाधार र आवश्यक व्यवस्थापकीय अभावले यो पदमार्ग औपचारिक रुपमा अझै सञ्चालनमा आउन सकेको छैन । म्याग्दी सदरमुकाम बेनीदेखि मुस्ताङ जोड्ने परम्परागत पदमार्ग सडक सञ्जाल विस्तारसँगै विस्थापित भएपछि नयाँ वैकल्पिक पदमार्गको रुपमा धवलागिरि आइसफल पदमार्गको अध्ययन गरिएको थियो । कुमारी पदमार्गको रुपमा रहेको यस क्षेत्रमा प्रारम्भिक चरणको पदमार्ग निर्माण गर्ने काम भइरहे पनि सूचनामूलक सङ्केतबोर्ड राख्ने, खानेपानी, आश्रयस्थल र पर्यटकको सुविधाका लागि होटल तथा लजहरू निर्माण हुन सकेका छैनन् ।
धवलागिरि र अन्नपूर्ण रेञ्जका दर्जनौँ हिमाललाई नजिकबाट अवलोकन गर्न सकिने यस पदमार्गमा डाँफे, मुनाल, कालिज, कस्तुरी, झारल, नाउर, घोरल, थार, रतुवा, हिमचितुवालगायतका जङ्गली पशुपक्षी र तीनको बासस्थानलाई समेत प्रत्यक्ष अवलोकन गर्न सकिन्छ । यस पदमार्गमा हिमालको हिउँ खसेको दृष्य (आइसफल) सँगै कालिबराह, लाटीबराह, निली बराह, सेती बराह र पहेँलीबराह ताल थप आकर्षणको रुपमा रहेका छन् । पाँच दिनदेखि दुई सातासम्मको लामो र छोटो दूरीमा पदयात्रा गर्न सकिने विकल्पसहित पहिचान भएको यस पदमार्गले म्याग्दीको पिप्ले, भगवती, बेगखोला, दग्नाम, चिमखोला, कुईनेमंगले, दोबा, भुरुङ, दानालगायतको ठाउँको उच्च पहाडी डाँडाको धुरी हुँदै मुस्ताङको लेते जोडिएको छ । रासस

# एसइई नतिजाः
# ४७.८६ प्रतिशत उत्तीर्ण, गणितमा बढी अनुत्तीर्ण





Secondary Education Examination
GRADE-SHEET

THE GRADE(S) SECURED BY ......
03500466H ........................................

DATE OF BIRTH ..... 2064-03-26 ..........

IN THE ANNUAL SEE EXAMINATION OF ......
2080 BS ..................................
ARE GIVEN BELOW . . .

| SUBJECTS | CREDIT HOURS | GRADE | GRADE POINT | FINAL GRADE | REMARKS |
|---|---|---|---|---|---|
| COMP. ENGLISH (TH) | 3.75 | A+ | 4.0 | A+ | |
| COMP. ENGLISH (IN) | 1.25 | A+ | 4.0 | A+ | |
| COMP. NEPALI (TH) | 3.75 | A+ | 4.0 | A+ | |
| COMP. NEPALI (IN) | 1.25 | A+ | 4.0 | A+ | |
| COMP. MATHEMATICS (TH) | 3.75 | A+ | 4.0 | A+ | |
| COMP. MATHEMATICS (IN) | 1.25 | A+ | 4.0 | A+ | |
| COMP. SCIENCE AND TECHNOLOGY (TH) | 3.75 | A+ | 4.0 | A+ | |
| COMP. SCIENCE AND TECHNOLOGY (IN) | 1.25 | A+ | 4.0 | A+ | |
| COMP. SOCIAL STUDIES (TH) | 3 | A+ | 4.0 | A+ | |
| COMP. SOCIAL STUDIES (IN) | 1 | A+ | 4.0 | A+ | |
| OPT.I ADDITIONAL MATHEMATICS (TH) | 3 | A+ | 4.0 | A+ | |
| OPT.I ADDITIONAL MATHEMATICS (IN) | 1 | A+ | 4.0 | A+ | |
| OPT.II COMPUTER SCIENCE (TH) | 2 | A+ | 4.0 | A+ | |
| OPT.II COMPUTER SCIENCE (IN) | 2 | A+ | 4.0 | A+ | |

GRADE POINT AVERAGE (GPA) : 4.00

“

## झाले ल्याईन् शतप्रतिशत अंक

रौतहटकी एकजना छात्राले २०८० सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा शतप्रतिशत अंक ल्याएर उर्तीण भएकी छन् । जिल्लाको दुर्गा भगवती गाउँपालिका वडा नम्बर ३ मत्सरी निवासी अशोक झाकी छोरी अञ्जलीकुमारी झाले सरस्वती माध्यमिक विद्यालय पिपरा भलोहियाबाट एसइई परीक्षामा सहभागी भइकी थिइन् । परीक्षा बोर्डले सार्वजनिक गरेको नतिजाअनुसार उनी शतप्रतिशत अर्थात (४ जिपीए) ल्याएकी हुन, जुन नेपालमै १८६ जनाले मात्रै ल्याउन सकेका छन् ।

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय परीक्षा बोर्डले बिहीबार सार्वजनिक गरेको माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८० को नतिजामा ४७ दशमलव ८६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । परीक्षा नियन्त्रण कार्यालय सानोठिमीमा आयोजित पत्रकार सम्मेलनमा बोर्डका अध्यक्ष प्रा डा महाश्रम शर्माले नतिजा सार्वजनिक गर्दै चार लाख ६४ हजार सात सय ८५ परीक्षार्थीले परीक्षा दिएको जानकारी दिँदै उतीर्ण भएकामध्ये एक सय ८६ जनाले ४ जीपीए ल्याएको बताए । परीक्षामा सहभागी भएकामध्ये ५२ दशमलव १४ प्रतिशत परीक्षार्थी अनुत्तीर्ण भएका छन् । एक लाख १४ हजार ४८ छात्र र एक लाख २८ हजार दुई सय ५७ छात्रासहित कुल दुई लाख ४२ हजार तीन सय १३ परीक्षार्थीको ‘एनजी’ अर्थात् ‘ननग्रडेड’ आएको छ । बोर्डका अध्यक्ष प्रा डा शर्माले एउटा विषयमा एनजी आउने ६७ हजार सात सय ९३ र दुई विषयमा एनजी आउने ४८ हजार ३८ विद्यार्थी रहेका छन् । दुई सय २१ जनाको परीक्षा रद्द भएको उनले जानकारी दिए । यस वर्ष लेटर ग्रेडिङ निर्देशिका, २०७८ अनुसार नतिजा सार्वजनिक गरिएको हो । सैद्धान्तिक ७५ पूर्णाङ्क विषयमा कम्तीमा २७ अङ्क र आन्तरिक मूल्याङ्कन २५ पूर्णाङ्कमा कम्तीमा १० अङ्क प्राप्त गर्नुपर्ने हुन्छ । एक सय पूर्णाङ्कमा कम्तीमा ३७ अङ्क ल्याउनुपर्ने अन्यथा त्योभन्दा कम अङ्क आएमा ‘एनजी’ ननग्रेडड आउँछ ।

### सबभन्दा बढी गणितमा अनुत्तीर्ण

यस वर्षको एसइईमा सबैभन्दा बढी विद्यार्थीको गणितमा एनजी आएको छ । गणित विषयमा एक लाख ७७ हजार नौ सय ८५ विद्यार्थीको एनजी आएको छ । यस्तै विज्ञानमा एक लाख २६ हजार नौ सय ३३ तथा अङ्ग्रेजीमा एक लाख एक हजार तीन सय ८३ विद्यार्थीको एनजी आएको बोर्डका अध्यक्ष प्रा डा शर्माले बताए । सामाजिकमा ७३ हजार आठ सय ७७, नेपालीमा ६९ हजार पाँच सय ३२, अर्थशास्त्रमा ६९ हजार चार सय १६ तथा ऐच्छिक गणितमा २० हजार तीन सय ५२ विद्यार्थीको एनजी आएको छ । दुई विषयसम्म एनजी आउने विद्यार्थीको हकमा पुरक परीक्षा आगामी साउन १८ र १९ गतेलाई तोकिएको छ । साउनमा परीक्षा गरेर भदौमा नतिजा सार्वर्जनिक गर्ने र यसैवर्ष उनीहरुले कक्षा ११ मा भर्ना हुन पाउने गरी व्यवस्था गरिएको छ । पुरक परीक्षामा पनि उत्तीर्ण हुन नसक्ने विद्यार्थीको हकमा र दुईभन्दा बढी विषयमा एनजी आएका विद्यार्थीले आउँदो नियमित परीक्षामा एनजी आएको विषयको मात्रै परीक्षा दिन पाउने व्यवस्था गरिएको छ । यस वर्षको एसइई नतिजामा गत वर्षभन्दा सुधार भएको अध्यक्ष प्रा डा शर्मा बताउँछन् । उनका अनुसार माथिल्लो जिपिए ल्याउनेको संख्या बढेसँगै नतिजा सुधार भएको हो । बोर्डले सार्वजनिक गरेको नतिजा अनुसार यसवर्ष सबैभन्दा बढी अर्थात् ७८ हजार आठ सय ७४ विद्यार्थीले २ दशमलव ८० देखि ३ दशमलव २० जिपिए प्राप्त गरेका छन् । सबैभन्दा कम ६ विद्यार्थीले १ दशमलव ६० देखि २ दशमलव ० जिपिए ल्याएका छन् । त्यस्तै एक सय ८६ विद्यार्थीले ४ जिपिए, ३१ हजार २०९ जनाले ३ दशमलव ६० देखि ४ दशमलव ० जिपिए, ६८ हजार दुई सय ५६ जनाले ३ दशमलव २० देखि ३ दशमलव ६० जिपिए र ७८ हजार आठ सय ७४ जनाले २ दशमलव ८० देखि ३ दशमलव २० जिपिए, ४१ हजार एक सय ७७ जनाले २ दशमलव ४० देखि २ दशमलव ८० जिपिए र दुई हजार ९५० जनाले २ दशमलव ०० देखि २ दशमलव ४० जिपिए ल्याएका छन् ।

### यस्तो छ प्रदेशको नतिजा

सार्वजनिक भएको नतिजा अनुसार यसवर्षको एसइई परीक्षामा सबैभन्दा बढी बागमती प्रदेशबाट ९९ हजार आठ सय ७२ विद्यार्थी सहभागी भएकामा ३३ हजार आठ सय ४३ जनाले ननग्रेड (एनजी) पाएका छन् । त्यस्तै, मधेश प्रदेशमा ७९ हजार पाँच सय ९२ विद्यार्थी सहभागी भएकामा ४२ हजार दुई सय ८६ जनाले ननग्रेड (एनजी) आएको छ । मधेश प्रदेशमा यस पटक ३७ हजार २ सय ६६ जना मात्रै उतिर्ण भएका छन् ।
लुम्बिनी प्रदेशबाट ८० हजार तीन सय २७ विद्यार्थी सहभागी भएकामा ४९ हजार दुई सय २४ जनाको ननग्रेड (एनजी) आएको छ । कोशी प्रदेशमा ७५ हजार नौ सय ८८ जना सहभागी भएकामा ३९ हजार आठ सय ९५ जनाको ननग्रेड (एनजी) आएको छ । गण्डकी प्रदेशमा ४० हजार पाँच सय २६ विद्यार्थी सहभागी भएकामा २० हजार दुई सय ७५ जनाको ननग्रेड (एनजी) आएको छ भने कर्णाली प्रदेशबाट परीक्षामा ३५ हजार ३४ जना सहभागी भएकामा २० हजार तीन सय ८० जनाको ननग्रेड आएको छ । सुदूरपश्चिम प्रदेशमा भने ५३ हजार चार सय ४६ विद्यार्थी सहभागी भएकामा ३६ हजार चार सय १० जनाको ननग्रेड आएको छ । उनीहरुले पुरक परीक्षामा सहभागी हुनुपर्ने छ । प्रकाशित नतिजामा चित्त नबुझेमा पुनर्योग गर्न र उत्तरपुस्तिका पुनः परीक्षणसमेत गराउन सक्ने व्यवस्था छ । पुनर्योगका लागि परीक्षार्थीले आफूले पुनर्योग गर्न चाहेका विषयका लागि कार्यालयको वेवसाइटमा गई पुनर्योग फाराम भरी आवेदन दिने व्यवस्था रहेको परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिए ।

### नतिजामा चित्त नबुझे अनलाइनबाटै पुनर्योग

माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजामा चित्त नबुझे विद्यार्थीहरूले अनलाइनबाटै पुनर्योग निवेदन दिन सक्ने भएका छन् । कार्यालयमा विद्यार्थीको चाप घटाउनका लागि यस वर्षदेखि अनलाइनबाटै निवेदन दिन सकिने व्यवस्था मिलाएको राष्ट्रिय परीक्षा बोर्डका बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिए । पुनर्योगका लागि नतिजा प्रकाशन भएको १५ दिनभित्र निवेदन दिइसक्नुपर्ने उनले बताए । त्यस्तै अनलाइनमा कसैको नतिजा नखुलेमा, अनुपस्थित देखाएमा वा प्रयोगात्मक नम्बर नदेखाएमा प्रवेशपत्रको प्रतिलिपिसहित शिक्षा विकास तथा समन्वय इकाइ विभागमा सिधै निवेदन दिन पनि सकिने व्यवस्था गरेको अध्यक्ष शर्माले बताए ।

# वन प्रमुखसहित २४ जना भ्रष्टाचार मुद्दामा दोषी ठहर



**मधेशदृष्टि**
**वीरगंज ।**
हाल डिभिजन वन कार्यालय पर्सा प्रमुख रहेका हेमन्तप्रसाद साहसहित २४ जना भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन् । साहसहित २४ जनाविरुद्ध दायर भएको भ्रष्टाचार मुदाको सुनुवाइ गर्दै बुधबार विशेष अदालतले उनीहरुलाई दोषी ठहर गरेको हो ।

डिभिजन वन कार्यालय जलेश्वर महोत्तरीको प्रमुख रहेको बेला प्रमुख साहले भ्रष्टाचार गरेको भन्दै डिभिजन वन कार्यालय पर्साको प्रमुख रहेको बेला अख्तियारले साहसहित २४ जनाविरुद्ध ४ चैत ०८० मा भ्रष्टाचार मुदा दायर गराएको थियो ।

तत्कालीन वन अधिकृत साहले रम्तेलडाँडा सामुदायिक वन क्षेत्रको रूखमा छापा, टाँचा गराई, कटान गर्न इजाजत दिई, वन क्षेत्रको रूख व्यक्तिलाई लाभ हुने गरी विभिन्न जातका ४०६ वटा रूख कटान गरी भ्रष्टाचार गरेको पुष्टि भएकाले उनीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गराएको थियो । वन अधिकृत साहसहित २४ जनाविरुद्ध नै जनही ११ लाख ९६ हजार ६९५ रुपैयाँ बराबरको बिगो कायम गरी मुद्दा दायर भएको थियो । सोही विषयमा अख्तियारले डिभिजन वन कार्यालय जलेश्वर, महोत्तरीका तत्कालीन सहायक वन अधिकृत बेचन ठाकुर सब–डिभिजन वन कार्यालय बर्दिवास, महोत्तरीका तत्कालीन सहायक वन अधिकृत लक्ष्मणप्रसाद यादव, फरेष्टर सन्तोष कुमार साह, वनरक्षक राजकिशोर झा, अजयकुमार यादव, राकेशकुमार यादव, नारायण ढुंगेल र दिलिप महतोविरुद्ध पनि सोही बराबरको बिगो कायम गरी भ्रष्टाचार मुद्दा दायर भएको थियो । उनीहरुलाई विशेष अदालतका न्यायाधीश टेक नारायण कुवर, तेज नारायण सिंह राई र मुरारी बाबु श्रेष्ठको इजलासले दोषी ठहर गर्दै सजाय निर्धारणको लागि अर्को पेशी तोकेको छ ।

# आंगिक कलेजहरुमा निजी व्यापार र भ्रष्टाचार भइरहेको छः साह

**मधेशदृष्टि**
**वीरगंज ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले आंगिक कलेजहरुमा निजी व्यापार भइरहेको बताएका छन् । बिहीबार प्रतिनिधि सभाको बैठकमा विशेष समयमा बोल्दै उनले यस्तो टिप्पणी गरेका हुन् । ‘सरकारी कलेजहरु, खासगरी आंगिक कलेजहरुमा निजी व्यापार भइरहेको छ । सरकारी कलेजहरुमा प्राइभेट कलेजहरु जसरी निजी अनुमति लिने र अकुत पैसा उठाएर ब्यापार गर्ने त्यो खुलेआम भ्रष्टाचार भइरहेको छ’ उनले भने, ‘यसको अवस्था के हो हामी जान्न चाहन्छौं ।’ सरकारी पैसाबाट तलब खाने, सरकारी पैसाबाट पूर्वाधारमा निजी अनुमति लिएर पैसा उठाउने र अपारदर्शी ढंगले त्यसको दुरुपयोग गर्ने काम आंगिक कलेजहरुमा भइरहेको उल्लेख गर्दै उनले यस्तो कार्य रोक्न माग गरे । सरकारी पैसाबाट तलब खाने, सरकारी पैसाबाट पूर्वाधारमा निजी अनुमति लिएर पैसा उठाउने र अपारदर्शी ढंगले त्यसको दुरुपयोग गर्ने काम भइरहेको उनको भनाई छ । यो रोक्न उनले सरकारको ध्यानाकर्षण गराए ।

# पथलैया–हेटौँडा सडक एक साताभित्र तयार हुँदै

**वीरगंज ।**
पथलैया–हटौँडा सडक खण्डअन्तर्गत आधाभार क्षेत्रमा निर्माणाधीन दुई किलोमिटर दूरीको सडक एक साताभित्र तयार हुने भएको छ । सडक डिभिजन कार्यालय हेटौँडाले उच्च भारवहन क्षमताको उक्त सडक एक साताभित्रै कालोपत्र सम्पन्न हुने जनाएको हो । कार्यालयका सूचना अधिकारी रमेश पाण्डेले पथलैया–हेटौँडा खण्डमा वीरगंज भन्सार कार्यालय हुँदै आउने अत्यधिक भारका मालबाहक सवारीसाधनले सडक धसिने समस्याको अन्त्य गर्न पहिलो चरणमा दुई किमी खण्डमा नमुना सडकका रुपमा स्तरोन्नति गर्न लागेको बताए । ‘यो खण्डमा अत्यधिक भारका सवारी सञ्चालन हुने भएकाले सडक धसिने समस्या देखिँदै आइरहेको छ । पहिलो चरणमा पथलैया–हेटौँडा खण्डको आधाभार क्षेत्रमा नमुना सडक स्तरोन्नति अगाडि बढाएका थियौँ’, सूचना अधिकारी पाण्डले भने, ‘अहिलेसम्म दुई लेनको एक हजार दुई सय मिटर सडक तयार भइसकेको छ । बाँकी आठ सय मिटर पहिलो चरणमा कालोपत्र (डिबिएम) भइसकेको छ । दोस्रो चरणको अस्फास्ट कालोपत्र गर्ने काम



दुई/तीन दिनभित्रै सम्पन्न गर्ने लक्ष्य राखेका छौँ ।’ उनले वर्षा सुरु भएर पानी पर्न थालेकाले पनि केही दिन काम प्रभावित भइरहेको बताए । यो खण्डको सडकको भौतिक प्रगति ८० प्रतिशत भइसकेको छ । गत माघ २२ गते सडक डिभिजन हेटौँडा र चौधरी निर्माण सेवाबीच ठेक्का सम्झौता भएको थियो । यो आयोजनाको लागत चार करोड १२ लाख १७ हजार तीन सय ४८ रुपैयाँ रहेको छ । ठेक्का सम्झौता अनुसार गत जेठ ३० गतेभित्रै निर्माण सम्पन्न हुनुपर्नेमा निर्माण व्यवसायीको ढिलासुस्तीका केही समय ढिला भएको सूचना अधिकारी पाण्डको भनाइ छ । उनले यो प्रविधिको कालोपत्र गर्दा सडक लामो समयसम्म दिगो र टिकाउ हुने दाबी गरे । ‘हामीले परीक्षणको क्रममा भिएस ४० ग्रेडको बिटुमिन प्रयोग गरेर सडक कालोपत्र गर्दैछौँ । यो सडक कालोपत्र राम्रो भएको खण्डमा अन्य ठाउँमा पनि विस्तार गर्ने योजना छ’, सूचना अधिकारी पाण्डले भने, ‘यो खण्डको सडक पहिलो चरणमा डिबिएम कालोपत्र र दोस्रो चरणमा अस्फास्ट कालोपत्र गरिनेछ । यो प्रविधिले सडक भासिने समस्याको पनि अन्त्य गर्ने विश्वास गरेका छौँ ।’ रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन